# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## सानीभेरी गाउँपालिका
## रुकुम पश्चिम भाग

आर्थिक वर्ष २०७९/८०





महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

सानीभेरी गाउँपालिका

रुकुम पश्चिम भाग

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

सानीभेरी गाउँपालिका

रुकुम पश्चिम भाग

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि
## (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
## (MISSION)


राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
## (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ। यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन ।अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

**(तोयम राया)**

**२०८१ ज्येष्ठ** **महालेखापरीक्षक**

**महालेखापरीक्षकको कार्यालय**

**अनामनगर/बबरमहल, काठमाडौं, नेपाल**

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय**

कर्णाली प्रदेश

मितिः२०८१।०२।१२

प.सं. २०८०।८१

च.नं. ५४

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

श्री अध्यक्षज्यू,

सानीभेरी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,

रुकुम पश्चिम भाग ।

१. **कैफियत सहितको राय** – हामीले **सानीभेरी** गाउँपालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू.१ करोड ५२ लाख ४४ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा प्रतिक्रिया प्राप्त नभएकोले यस वर्ष असुल गर्नुपर्ने रू.२७ लाख ३० हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.४६ लाख ७९ हजार, नियमित गर्नुपर्ने रु.७४ लाख ८० हजार र पेश्की बाँकी रु.३ लाख ५५ हजार समेत रु.१ करोड ५२ लाख ४४ हजार बेरुजु बाँकी रहेको छ । सानीभेरी गाउँपालिकाको गतवर्ष सम्म रु.९ करोड १ लाख ९४ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु.१० करोड ५४ लाख ३८

हजार रहेको छ । **सानीभेरी गाउँपालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।**

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने सानीभेरी गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा -** ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी -** नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोबारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी सानीभेरी गाउँपालिकाको व्यवस्थापनमा रहेको छ । पालिकाका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(पशुपति कुमार काफ्ले)

**नायब महालेखापरीक्षक**

# सानीभेरी गाउँपालिका,

## रुकुम पश्चिम भाग

### १. चालु वर्ष २०७९।८० को बेरुजु

बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | | | | | | | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| ७० | १२६ | १५२४४ | ० | ० | ० | ७० | १२६ | १५२४४ | २७३० | ७४८० | ४६७९ | ० | ० | १२१५९ | ३५५ |

### २. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्र्यौट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| रुकुम पश्चिम भाग | ९०१९४ | ० | ० | ९०१९४ | ० | १५२४४ | १०५४३८ |

### ३. बेरुजु सम्परीक्षणको विवरण

| क्र. सं | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| क) | चालु वर्षको जम्मा | ० | ० | ० |
| ख) | गत विगतको जम्मा | ० | ० | ० |
| क)+ख) | कुल जम्मा | ० | ० | ० |

पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।

# परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय -** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह—अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस गाउँपालिका अन्तर्गत ११ वडा, ५९ सभा सदस्य, १३३.८० वर्ग किलोमिटर क्षेत्रफल तथा २४७५९ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य -** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि -** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।५।३० देखि २०८०।६।६ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति -** पालिकाको आय व्यय समेत जम्मा रु.१ अर्व ४६ करोड ४७ लाख ६८ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणको क्रममा असुली -** लेखापरीक्षणको क्रममा रु.७,७६,६५६। असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय विवरणको परीक्षण**

यस पालिकाको स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) बाट सिर्जित वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं.२७२ ) को स्थिति निम्न बमोजिम रहेको छ ।

| प्राप्ती भुक्तानी हिसाब | | | | |
|---|---|---|---|---|
| विवरण | यस वर्ष रु. | | | |
| | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा |
| प्राप्ती (क+ख) | ६१,२८,८७,०९५।१८ | ५४,१७,०४,००९।५५ | ११,८८,०००।०० | ५४,२८,९२,००९।५५ |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | ६०,७३,०१,०००।०० | ५२,६१,५६,५८१।०५ | ११,८८,०००।०० | ५२,७३,४४,५८१।०५ |
| ११००० कर | ९,५३,५७,०००।०० | ७,६१,८९,४७४।३३ | ० | ७,६१,८९,४७४।३३ |
| १३००० अनुदान | ४६,६५,८९,०००।०० | ४४,१४,९४,४४२।२२ | ११,८८,०००।०० | ४४,२६,८२,४४२।२२ |
| संघीय सरकार | ४०,१६,२३,०००।०० | ३८,६३,३९,७३३।४७ | ० | ३८,६३,३९,७३३।४७ |
| प्रदेश सरकार | ६,३७,७८,०००।०० | ५,५१,५४,७०८।७५ | ० | ५,५१,५४,७०८।७५ |
| बैदेशिक श्रोत | ११,८८,०००।०० | ० | ११,८८,०००।०० | ११,८८,०००।०० |
| १४००० अन्य राजस्व | १,५३,०५,०००।०० | ७९,६६,३८६।५० | ० | ७९,६६,३८६।५० |
| १५००० विविध प्राप्ति | १५,००,०००।०० | ५,०६,२७८।०० | ० | ५,०६,२७८।०० |
| ३२००० वित्तीय सम्पत्ति | २,८५,५०,०००।०० | ० | ० | ० |
| ख। अन्य प्राप्ति | ५५,८६,०९५।१८ | १,५५,४७,४२८।५० | | १,५५,४७,४२८।५० |
| वितरण गर्न बाकी राजस्व | ० | ० | ० | ० |
| कोषहरु | ५५,८६,०९५।१८ | ३६,५१,७५१।५० | ० | ३६,५१,७५१।५० |
| धरौटी | ० | १,१८,९५,६७७।०० | ० | १,१८,९५,६७७।०० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | ० | ० | ० | ० |
| भुक्तानी (ग+घ) | ६१,२८,८७,०९५।१८ | ५५,९७,०४,९७७।२४ | ११,८८,०००।०० | ५६,०८,९२,९७७।२४ |

| | | | | |
|---|---|---|---|---|
| ग। भुक्तानी (सञ्चित कोषबाट) | ६०,७३,०१,०००।०० | ५४,६५,१५,९६८।७४ | ११,८८,०००।०० | ५४,७७,०३,९६८।७४ |
| २१००० पारिश्रमिक सुविधा | २३,५२,१६,८१०।०० | २१,१८,५३,५१६।६० | ० | २१,१८,५३,५१६।६० |
| २२००० मालसामान तथा सेवाको उपयोग | ११,३५,०१,३०९।०० | १०,४३,०४,४४३।१० | ११,८८,०००।०० | १०,५४,९२,४४३।१० |
| २६००० अनुदान | १,८९,२६,०००।०० | १,७५,१९,०२२।०० | ० | १,७५,१९,०२२।०० |
| २७००० सामाजिक सुरक्षा | २,११,९६,०००।०० | २,०३,१५,३७७।०० | ० | २,०३,१५,३७७।०० |
| २८००० अन्य खर्च | १९,६१,०००।०० | १४,६७,२००।०० | ० | १४,६७,२००।०० |
| ३१००० गैर वित्तीय सम्पत्ती पूँजीगत खर्च | २१,६४,९९,८८१।०० | १९,१०,५६,४१०।०४ | ० | १९,१०,५६,४१०।०४ |
| ३२००० वित्तीय सम्पत्ति | ० | ० | ० | ० |
| घ. अन्य भूक्तानी | ५५,८६,०९५।१८ | १,३१,८९,००८।५० | | १,३१,८९,००८।५० |
| कोषहरु | ५५,८६,०९५।१८ | ५५,२७,१६७।५० | ० | ५५,२७,१६७।५० |
| धरौटी | ० | ७६,६१,८४१।०० | ० | ७६,६१,८४१।०० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | ० | ० | ० | ० |
| ङ. यो वर्षको बचत (न्युन) | | (१,८०,००,९६७।६९) | | (१,८०,००,९६७।६९) |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | ५,५६,८४,४४७।०० | | ५,५६,८४,४४७।०० |
| वर्षान्तको बाकी रकम (ङ + च) | | ३,७६,८३,४७९।३१ | | ३,७६,८३,४७९।३१ |
| | | | | |
| बैंक तथा नगद बाकी | | ३,७६,८३,४७९।३१ | | ३,७६,८३,४७९।३१ |

स्थानीय सरकार सन्चालन ऐन,२०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शिर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले महालेखापरीक्षकबाट २०७६।२।१९ मा स्वीकृत भएको ढाँचामा पूर्ण रुपमा प्रतिवेदन तयारी तथा लेखांकन गरेको पाईएन ।

३ **वित्तीय विवरणको यथार्थता**

पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार

गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.८,४०,४८,२८३।, स्थानीय तह प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रमको रु.८२,०४,८६०।, कर्णाली समृद्धि कार्यक्रमको रु.४,६३,१८,३३२।१६, गरिबसँग बिश्वेश्वर कार्यक्रमको रु.४,२१,०२२। ,एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु.१,७७,१०,९७२।४८ र कर्णाली प्रदेश सरकारको आन्तरिक मामिला तथा कानून मन्त्रालयबाट प्राप्त रु.१०,८०,०००। गरी रु.१५,७७,८३,४६९।६४ सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

४ **घटी जिम्मेवारी सारेको**

स्थानीय संचित कोष व्यवस्थापन प्रणालीबाट सिर्जित वित्तीय प्रतिवेदन (मलेपफानं.२७२ ) अनुसार गत बर्षको मौज्दात रु.५,५९,३९,१९१। बाँकी रहेकोमा रु.५,५६,८४,४४७। गत बर्षको जिम्मेवारी अल्या गरिएको छ । जसले गर्दा आ.व.०७८।७९ को वित्तीय प्रतिवेदनमा बैंक तथा नगद बाँकी उल्लेख गरिएको भन्दा यस बर्ष रु.२,५४,७४४। घटी जिम्मेवारी अ.ल्या.गरिएको छ । घटी जिम्मेवारी सारी वित्तीय प्रतिवेदन तयार भएकोमा सोलाई पुष्टयाई गर्ने आधार एवं प्रमाण लेखापरीक्षणमा पेश नभएको रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,५४,७४४ |

५ **बैंक हिसाब मिलान विवरण तयार नगरेको**

स्थानीय सरकार सन्चालन ऐन,२०७४ को दफा ७६(२) मा स्थानीय तहले आफनो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत ढाँचामा राख्नुपर्ने व्यवस्था छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैंक खाताको हिसाब मिलान विवरण तयार गर्नुपर्नेमा यस पालिकाले सन्चालन गरेको खाताको बैंक हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरेको छैन । मलेपफानं.२७२ अनुसार यस बर्षको अन्त्यमा रु.३,७६,८३,४७९।३१ बैंक मौज्दात रहेकोमा कार्यालयबाट पेश भएको एकीकृत आर्थिक विवरणमा रु.३,८२,४०,३८२।३१ मौज्दात रहेको उल्लेख छ । जस अनुसार मलेप फाराम नं.२७२ मा उल्लेख भए भन्दा एकीकृत आर्थिक विवरणमा रु.५,५६,९०३। बढी बैंक मौज्दात रहेको उल्लेख छ । बैंक हिसाब मिलान विवरण तयार नगरेको हुँदा फरक परेको रकम सम्वन्धमा पालिकाले एकिन गरी हिसाब मिलान गर्नुपर्दछ।

६ **अनुदान फिर्ता**

संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समानीकरण वाहेकका निम्नानुसार अनुदान खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धीत संचितकोषमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ। कार्यालयले देहाय अनुसार अनुदानको रकम आर्थिक वर्षको अन्त्यमा फिर्ता गरेको छ । आर्थिक वर्षको अन्त्यमा बाँकी रहेको मौज्दात रु.५३२४१७०५ /- कोष तथा लेखा नियन्त्रक कार्यालय र प्रदेश लेखा इकाइ कार्यालयमा फिर्ता गरेको छ ।

| अनुदान प्रदान गर्ने निकाय | अनुदानको प्रकार | प्राप्त रकम | खर्च रकम | बाँकी मध्ये संचितकोष फिर्ता | फिर्ता मिति | फिर्ता गर्न वाँकी रकम |
|---|---|---|---|---|---|---|
| संघीय सरकार | शसर्त | २८९०२३००० | २८१८६८२६८ | ७१५२७३२ | २०८०।३।२९ | - |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | विशेष | ५००००००० | ४५०६९६६ | ४९३०३४ | | - |
| | समपुरक | ५०००००० | ५०००००० | ० | | |
| प्रदेश सरकार | शसर्त | ४५९८२६४८ | ४५३८६७०९ | ५९५९३९ | २०८०।३।२८ | - |
| | विशेष | ० | ० | ० | | - |
| | समपुरक | ० | ० | ० | | - |
| | जम्मा | ३४६१९३६४८ | २९२९५१९४३ | ५३२४१७०५ | | - |

## ७ आन्तरिक नियन्त्रण प्रणाली

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन् :-

- पालिकाले २०७९।८० को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गर्नुपर्नेमा गरेको पाईएन।
- पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन। साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।
- राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन ।
- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउपालिका तथा पालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिक क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याउनुपर्नेमा ल्याएको पाईएन ।
- स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन गर्नुपर्ने आयोजनाको बिश्लेषण गरी कार्यान्वयन गर्नुपर्ने सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन ।
- दिगो बिकास योजना (२०१५-३०) कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।
- कुनै रकमको भुक्तानी दिंदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।
- ठेक्का वा उपभोक्ताबाट हुने कामको निर्माण सुरु, लागत, सम्पन्न हुने मिति लगायत विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता राखेको पाईएन।

- स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गर्ने गरेको पाइएन।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको छैन।
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई मर्मत संभार गर्ने जिम्मा सहित हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन।
- संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न सम्झौता गरी गठन गरेका उपभोक्ता समिति ऐनको व्यवस्था अनुसार दर्ता हुने गरेको पाइएन ।
- सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तयार गरेको पाईएन ।
- निजामती सेवा ऐन, २०४९ वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागु गर्नुपर्नेमा गरेको पाईएन ।
- निजामती सेवा ऐन, २०४९ को दफा ७(ख)२ बमोजिम निजामती कर्मचारीहरुको प्रत्येक वर्ष तलवी प्रतिवेदन पारित गराई तलब भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयको आर्थिक वर्ष २०७९।८० को तलवी प्रतिवेदन नगरी तलब खर्च लेखेको छ ।
- संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको २०७३/१२/२५ को परिपत्र अनुसार यस पालिकामा समाहित भएका साविकका गाँउ विकास समितिको नाममा रहेका पेश्की तथा वेरुजुको लगत तयार गरेको पाईएन ।
- आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९५(२) बमोजिम पालिकाको उद्देश्य प्राप्तीमा आई पर्ने सम्भावित जोखिम क्षेत्रहरुको पहिचान गरी सो निराकरणको लागि उपयुक्त उपायहरु व्यवस्थित गरेको पाइएन ।
- भ्रमण खर्च नियमावली, २०६४ बमोजिम भ्रमण अभिलेख राख्ने र भ्रमण प्रतिवेदन पेश गर्ने गरेको छैन ।
- कार्यालयले गत विगतको बेरुजु र संपरीक्षणको अभिलेख राख्ने गरेको छैन ।
- वडामा उठ्ने राजस्वको लक्ष्य निर्धारण गरेको छैन ।
- कोषहरु कार्यान्वयन गर्न कार्यविधि कानून बनाउनु पर्नेमा बनाएको पाइएन ।
- आर्थिक वर्षको अन्तमा खर्चको चाप हुने गरी काम गराउने कार्य नियन्त्रण गर्नुपर्नेमा सो गरेको छैन ।
- राजस्व प्राप्तीको दायरालाई प्राथमिकीकरण गरी कार्यान्वयनमा ल्याएको छैन।
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ४ बमोजिम सबै श्रोतबाट भएको प्राप्ति र खर्चको विवरण प्रदेश लेखा नियन्त्रक तथा कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्नेमा पठाएको छैन ।
- अवकास कोष सम्वन्धि कानूनी व्यवस्था कार्यान्वयन गरेको पाइएन ।
- ईन्धन खर्चको लगबुक एवं कोटा निर्धारण गरी नियन्त्रण नगरेको ।
- सवारी साधनको मर्मत अभिलेख अद्यावधिक गरी राख्ने गरेको छैन ।
- खर्चका बिल भरपाईहरुको तेरिज बनाइ गोश्वारा भौचरसाथ राख्ने नगरेको।

तसर्थ आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

## ८ जिन्सी व्यवस्थापन

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सबै तहका कार्यालयहरुलाइ २०७६।७७ सम्मको मौज्दात प्रविष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS)मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गरी सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ।

## ९ स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नपर्दछ ।

## १० बजेट पेश, पारित र अख्तियारी

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्षबाट २०७९।३।१० गते रु.६० करोड ७३ लाख १ हजारको बजेट सभा समक्ष पेश गरेकोमा २०७९।३।२७ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७९।४।१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ ।

## ११ शुन्य प्रगती

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १९ मा आफ्नो कार्यालय तथा मातहतको कार्यालयको लागि स्वीकृत बजेट लक्ष्य अनुरुप खर्च नभएमा त्यसको जिम्मेवारी लेखाउत्तरदायी अधिकृतको हुने उल्लेख छ । त्यस्तै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा प्रमुख प्रशासकीय अधिकृतले कार्य दक्षता एवं प्रभावकारी तवरले खर्च गर्नुपर्ने व्यवस्था छ । गाउँ सभाले यो वर्ष पूँजीगत तर्फ रु.२१ करोड ६४ लाख ९९ हजार विनियोजन गरेकोमा रु.१९ करोड १० लाख ५६ हजार अर्थात् ८८.२५ प्रतिशत खर्च गरेको देखियो । स्वीकृत कार्यक्रममध्ये संघीय सरकार, प्रदेश सरकारबाट प्राप्त विनियोजित विभिन्न कार्यक्रमहरु पूर्ण रुपले कार्यान्वयन हुन नसकी बजेट फ्रिज भएको छ । अनुसूचिमा उल्लेख भए बमोजिम विभिन्न योजना तथा कार्यक्रमहरुमा शून्य प्रगति रहेको छ । कार्यालयले कार्य योजना तयार गरी बजेटको प्रभावकारी कार्यान्वयनमा जोड दिनुपर्दछ ।

**(विस्तृत विवरण बेरूजु दफा ११ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

१२ **आवधिक योजना**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

१३ **मध्यमकालिन खर्च संरचना**

प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ५ मा मध्यमकालिन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था छ। सो अनुसार पालिकाले उक्त योजना तयार गरेको देखिदैन । मध्यकालिन खर्च संरचनामा योजना वा कार्यक्रमको क्रियाकलापगत विवरण, सोको प्रति इकाई लागत, अनुमानित समय र सोबाट प्राप्त हुने प्रतिफल समेत खुलाई योजना तथा कार्यक्रमको प्राथमिकीकरण गर्नुपर्नेमा सो गरेको पाइएन ।

१४ **अबण्डा बजेट**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय—व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ। यस पालिकाले यो वर्ष रु.२५,००,०००/- अबण्डा बजेट व्यवस्था गरी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने गरेको देखिन्छ । जसले गर्दा वित्तीय अनुशासन र पारदर्शिता कायम भएको छैन । तसर्थ बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ ।

१५ **खर्च विश्लेषण**

पालिकाले यसबर्ष कुल आन्तिरक आयबाट रु.८४,४३,७८१/- राजस्व बाँडफाँड र अनुदानबाट रु.५१,७७,१२,८००/- समेत रु.५२,६१,५६,५८१/- आम्दानी भएकोमा चालु तर्फ रु.३५,६६,४७,५५९/- र पूँजिगत तर्फ रु.१९,१०,५६,४१०/- समेत रु.५४,७७,०३,९६९/- खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १.५४ प्रतिशत रहेको छ । यस वर्ष पदाधिकारी सुविधामा रु.९०,४०,२००/- खर्च भएको छ जुन आन्तरिक आयको १०७ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान, राजस्व बाँडफाँडको रकम, आन्तरिक श्रोतको रकम र गत आर्थिक वर्षको मौज्दात रकम समेतबाट ६४.३० प्रतिशत चालु र ३४.४५ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले बिकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको र प्रशासनिक प्रयोजनमा बढि खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ ।

१६ **त्रैमासिक पूँजीगत खर्च**

मासिक पूँजीगत खर्च आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| बजेट उपशीर्षक | कुल खर्च | त्रैमासिक खर्च (रु.हजारमा) | |
|---|---|---|---|

| | | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक | चौथो त्रैमासिक | आषाढ महिनाको मात्र खर्च |
|---|---|---|---|---|---|---|
| पूँजीगत खर्च तर्फ | १९१०५७ | १८३२३ | १३२१७ | ३०२५१ | १२९२६६ | ९२७०८ |
| खर्च प्रतिशत | १०० | ९.५९ | ६.९२ | १५.८३ | ६७.७७ | ४८.५२ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु.१९ करोड १० लाख ५७ निकासा भएकोमा प्रथम त्रैमासिकमा रु.१ करोड ८३ लाख २३ हजार (९.५९ प्रतिशत), दोस्रो त्रैमासिकमा रु.१ करोड ३२ लाख १७ हजार (१५.८३ प्रतिशत), तेस्रो त्रैमासिकमा रु.३ करोड २ लाख ५१ हजार (१५.८३ प्रतिशत) र चौथो त्रैमासिकमा रु.१२ करोड ९२ लाख ६६ हजार (६७.७७ प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु.९ करोड २७ लाख ८ हजार (४८.५२ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

## १७ क्षेत्रगत बजेट र खर्च

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| मुख्य क्षेत्र | वार्षिक वजेट (रु.हजारमा) | खर्च रकम (रु.हजारमा) | कुल खर्च मध्ये प्रतिशत |
|---|---|---|---|
| आर्थिक विकास | ५२९५६ | ४५४९६ | ८.३१ |
| सामाजिक क्षेत्र | ३८९३३४ | ३५४८३८ | ६४.७९ |
| पूर्वाधार विकास क्षेत्र | ६८५८८ | ५९२३३ | १०.८१ |
| सुशासन र अन्तरसम्बन्धीत क्षेत्र | १६१८२ | १५७६६ | २.८८ |
| कार्य सञ्चालन तथा प्रशासनिक खर्च | ८०२४१ | ७२३७० | १३.२१ |
| जम्मा | ६०७३०१ | ५४७७०३ | १०० |

उपरोक्त तालिका बमोजिम सुशासन तथा अन्तरसम्बन्धीत क्षेत्रमा सबै भन्दा कम २.८८ प्रतिशत र सामाजिक विकासमा सबैभन्दा बढी ६४.७९ प्रतिशत खर्च भएको छ ।

## १८ कानून र संचालन स्थिती

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ

। जसअनुसार स्थानीय तह सञ्चालनको लागि यस पालिकाले हालसम्म २३ वटा ऐन, १० वटा नियमावली, २० कार्यविधि र ७ वटा लगायत ६० वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ ।

१९ **न्यायिक समिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गत वर्षका बाँकी १८ वटा तथा यस वर्ष दर्ता भएका ३६ वटा गरी जम्मा ५४ वटा मध्ये १५ वटा विवाद फस्यौंट भएको र २३ वटा विवाद फस्यौंट हुन बाँकी रहेको देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

२० **आर्थिक सहायता**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । यस स्थानीय तहले औषधी उपचार लगायतमा ५० जनालाई रु.२,२८,०००/- आर्थिक सहायता वितरण गरेको पाइयो । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।

२१ **सफ्टवेयर खरिद -**

नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ । पालिकाले एकिकृत कर संकलन प्रणाली सफ्टवेयर खरिद वापत सफटेक इन्कोसिस प्रा.लि लाई रु.४,९७,६००/- भुक्तानी दिइएकोमा खरिद भएको सफ्टवेयर हाल स्थानिय सञ्चित कोष व्यवस्थापन प्रणाली भित्र राजश्व व्यवस्थापन प्रणाली समेत थप भएकाले प्रयोग विहिन हुने अवस्था छ । सफ्टवेयर खरिद गर्दा सरकारको नीति समेतलाई बिचार गरी उपयोगी सफ्टवेयर मात्र खरिद हुनु पर्दछ।

२२ **जिन्सी दाखिला नगरेको**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९५(१) मा कार्यालय प्रमुखले आफ्नो कार्यालयमा रहेको र खरिद गरी वा कुनै प्रकारले हस्तान्तरण भई वा नगरी कुनै प्रकारले हस्तान्तरण भई वा वस्तुगत सहायता वा कुनै प्रकारवाट प्राप्त हुन आएको सम्पत्ति वा जिन्सी मालसामानको मूल्य समेत खुलाई आम्दानी बाध्नुपर्ने व्यवस्था छ । रिफम विजिनेस सोलुसन प्रा लि खरिद गरेका रु.३ लाख मूल्यका फर्निचर तथा फिक्चर्सहरु जिन्सी आम्दानी जनाएकएको प्रमाण पेश गर्नुपर्ने रु——

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,००,००० |

२३ **धरौटी फिर्ता**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२४(२) मा प्रयोजन सकिएको धरौटी सम्बन्धीत फर्मलाई फिर्ता गर्दा मुल्य अभिवृद्धी कर समायोजनको पत्र र कर चुक्ता प्रमाण पत्र निवेदन साथ संलग्न हुनुपर्ने व्यवस्था छ । पालिकाले

क्याराभान कन्स्ट्रक्सन प्रा.लि.लाई भौचर नं. २५-२०७९।९।१९ बाट रु.३,१३,५३५/- धरौटी रकम फिर्ता गर्दा कर समायोजन पत्र संलग्न गरेको नदेखिएकोले कर समायोजनको प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,१३,५३५ |

२४ **डि.पि.आरको तयारी तथा जिन्सी दाखिला**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९५(१) मा कार्यालय प्रमुखले आफ्नो कार्यालयमा रहेको र खरिद गरी वा कुनै प्रकारले हस्तान्तरण भई वा नगरी कुनै प्रकारले हस्तान्तरण भई वा वस्तुगत सहायता वा कुनै प्रकारवाट प्राप्त हुन आएको सम्पत्ति वा जिन्सी मालसामानको मूल्य समेत खुलाई आम्दानी बाध्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ मा सार्वजनिक निकायमा कार्यर्त जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्य अनुसार परार्श सेवाको लागत अनुमान अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले खरिद गर्नु पर्ने व्यवस्था छ।पालिकाले न्यूनतम लागतमा उपलब्ध जनशक्तिबाट गर्ने तथा तयार पारिएका प्रतिवदनहरु जिन्सी सम्पत्तिको रुपमा आम्दानी जनाई कार्यान्वयनमा लैजानु पर्दछ।

२५ **डि.एल.पि.अभिलेख**

सार्वजनिक खरिद नियमावलीको नियम १२५(१) मा खरिद सम्झौता वमोजिम निर्माण कार्य सम्पन्न भएको ३० दिन भित्र सम्वन्धित निर्माण व्यवसायीले निर्माण भए वमोजिमको (एज विल्ट) नक्सा सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ।त्यस्तै सोही नियमको उपनियम २ मा त्रूटी सच्याउने दायित्व अवधि समाप्त भएपछि ड्रइङ्ग,डिजाइन वा स्पेशिफिकेशन वमोजिम भए नभएको जाँचवुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने छ।त्यस्तै उपनियम ४ मा उपनियम (१) वमोजिमको निर्माण भए वमोजिमको नक्सा र उपनियम (३) वमोजिम पेश भएको कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने उल्लेख छ।नियममा भएको उक्त प्रावधानको प्रभावकारी रुपले कार्यान्वयन गर्न र गुणस्तरीय निर्माण कार्यमा सघाउ पुर्याउनको लागि निर्माण सम्पन्न भई डि.एल.पी मा रहेका ठेक्काको अभिलेख राखि नियममा उल्लेख भए अनुसार प्राविधिक कर्मचारीवाट जाचवुझ गराउनुपर्नेमा डि.एल.पीमा रहेका ठेक्काको अभिलेख राखेको देखिएन। यस्तो अवस्थामा डि.एल.पि समाप्त भएका ठेक्काको प्राविधिक कर्मचारी खटाई नियममा भएको प्रावधान अनुसार जाँचबुझ गराई कार्यसम्पन्न प्रतिवेदन तयार भए नभएको, ठेक्का स्वीकृत गर्ने पदाधिकारी र कार्य सम्पन्न प्रतिवेदन तयार गर्ने एउटै पदाधिकारी भएको अवस्थामा एक तह माथिको अधिकारी समक्ष कार्य सम्पन्न प्रतिवेदन पेश गरे नगरेको एकिन गर्ने सक्ने अवस्था रहेन।अतःयसको अद्यावधिक अभिलेख राख्ने कार्य तर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ।

२६ **ठेक्का अभिलेख**

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य,हाल सम्म भएको कामको परिमाण, मुल्य,कार्य सम्पादन जमानत,पेश्की ग्यारेन्टीको अवस्था,काम सम्पन्न गर्नुपर्ने मिति,भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन।अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

२७ **राजस्व लेखा**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ५९ बमोजिम कार्यालयले राजस्वको आम्दानी जनाउँदा स्वीकृत राजस्व वर्गीकरण र व्याख्या बमोजिम लगती राजस्व तथा हसबली राजस्व आम्दानी दाखिल गरी

गोश्वारा भौचर तयार गरी दोहोरो लेखा प्रणालीको सिद्धान्त अनुसार राजस्व लेखा अद्यावधिक गर्नुपर्ने व्यवस्था छ । कार्यालयले राजस्व आम्दानीको गोश्वारा भौचर उठाएको छैन । राजस्व आम्दानी प्राप्त हुँदा नियमानुसार गोश्वरा भौचर तयार गरी राजस्व लेखा अद्यावधिक गर्नुपर्दछ ।

२८ **आन्तरिक आय**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७९।८० मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| २९२९५१९४३ | ८४४३७८१ | २.८८ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा २.८८ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

२९ **कर तथा शुल्क असुली**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| **आय शीर्षक** | **अनुमान** | **असुली** | **असुली प्रतिशत** |
|---|---|---|---|
| एकीकृत सम्पती कर | ५००००० | ३७५११३ | ७५ |
| भुमिकर/मालपोत | १२००००० | ९३५५८४ | ७८ |
| वहाल कर | ६००००० | २८६०२० | ४७ |
| अन्य सेवा शुल्क तथा बिक्री | १०००००००० | २७५००२५ | २७ |
| अन्य प्रशासनिक सेवा शुल्क | १५००००० | २२१८७११ | १४८ |
| व्यवसाय कर | २५०००० | २७८१०० | १११ |
| सिफारीस दस्तुर तथा अन्य राजस्व | १९५०००० | १६००२२८ | ८२ |
| **जम्मा** | **१६००००००** | **८४४३७८१** | **५२.७७** |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

### ३० मलेप फाराम

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा २५ मा सरकारी कारोबारको लेखा महालेखापरीक्षकबाट स्वीकृत ढाँचामा राख्नुपर्ने व्यवस्था छ । तीनै तहका सरकारको राजस्व लेखा व्यवस्थित गर्नका लागि २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएका म.ले.प.फाराम नं.१०१ देखि ११५ सम्म प्रयोग गरी कार्यालयले लेखा राखेको छैन । जसले गर्दा शिर्षकगत रुपमा राजस्व आम्दानी, दाखिला र बाँकीको स्थिति यकिन गर्न सकिने अवस्था छैन । मलेप फारामलाई प्रयोगमा ल्याई आन्तरिक आयलाई व्यवस्थित गरिनुपर्दछ

| म.ले.प.फा.नं. | फारामको नाम |
|---|---|
| १०२ | दैनिक राजस्व÷आम्दानी खाता |
| १०३ | गोश्वारा भौचर (राजस्व ) |
| १०४ | राजस्व आम्दानीको शीर्षकगत खाता |
| १०५ | राजस्व आम्दानीको गोश्वारा खाता |
| १०६ | राजस्व आम्दानीको दैनिक नगद प्राप्त गोश्वारा खाता |
| १०७ | राजस्व आम्दानीको दैनिक बैंक भौचर प्राप्त गोश्वारा खाता |
| १०८ | राजस्व आम्दानी बैंक नगदी किताब |
| १०९ | राजस्वको बैंक हिसाब मिलान विवरण |
| ११० | राजस्वको आर्थिक विवरण |
| १११ | करदाताको लगत |

### ३१ पेश्की बाँकी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फछ्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । पालिकाले निम्न कर्मचारी तथा संस्थालाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फस्यौंट नभई रु.३५५००० बाँकी रहेको देखिन्छ । उक्त पेश्की नियमानुसार फस्यौंट गर्नुपर्ने रु.

| सि.नं. | पेश्की लिएको मिति | पेश्कीको विवरण | पेश्की लिने ब्यक्ती, फर्म वा कम्पनीको नाम | कर्मचारी भए पद | रकम |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | ०९/२६/२०७९ | कला संस्कृति पर्यटन प्रर्वद्धन मञ्चलाइ स्थानीय कला साँस्कर्तिक सम्मेलन व्यवस्थापन। | रिम्ना धार्मिक खेलकुद तथा सास्कृतिक मेला | खाता | २००००० |
| ६ | ०९/२६/२०७९ | रिम्ना मेला व्यवस्थापन | रिम्ना धार्मिक खेलकुद तथा सास्कृतिक मेला | खाता | १५०००० |
| ७ | ०६/०९/२०७९ | संचार महसुल (इन्टरनेट र फोन शुल्क गा.पा. र वडा कार्यालय) | नन्नराम बिक | हुलाकी | ५००० |
| | | | | जम्मा | ३५५००० |
| | | | पेश्की | ३,५५,००० | |

३२ **सानीभेरी नदीबाट ढुंगा,गिटी तथा बालुवा संकलन एवं उत्खनन कार्य**

३२.१ सानीभेरी गाउँपालिका अन्तर्गत पर्ने सानी भेरी नदीबाट दिगो रुपमा ढुंगा, गिटी तथा बालुवाको संकलन एवं उत्खनन् कार्यका लागि कार्यालयले परामर्शदाता शुभ विज्ञान इन्जिनियरिङ्ग कन्सल्टेन्सीबाट प्रारम्भिक वातावरणीय परीक्षण (आइई ) प्रतिवेदन तयार गरेको छ । जस अनुसार वडा नं.१,२,३,४,७ र ९ का १० स्थानबाट दैनिक २५३.११ घनमिटरले २४,१३,४२७.१० क्यु.फिटमा प्रति क्यु फिट रु.३। का दरले बार्षिक करिब रु.७२,४०,२८१/- राजस्व संकलन गर्न सिफारिश गरिएकोमा कार्यालयले ६ स्थानको लागि अलग अलग ठेक्का नम्बर उल्लेख गरी बोलपत्र सूचना प्रकाशन गरेकोमा तेश्रो पटक सूचना प्रकाशन पश्चात अन्य ठेक्कामा प्रस्ताव पेश नभई ठेक्का नम्बर ४ मा यति बिल्डर्स प्रा.लि.सँग रु.१०,१७,०००/- (मु.अ.कर समेत ) मा र ठेक्का नम्बर ६ मा दुर्गा बहादुर भण्डारीसँग रु.२०,३४,०००/-(मु.अ.कर समेत) मा सम्झौता भएको छ । आइई प्रतिवेदन बमोजिम दिगो तवरले नदीजन्य पदार्थको उत्खनन, संकलन एवं राजश्व अभिवृद्धि गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ ।

३२.२ कार्यालयले ठेक्का नलागेको क्षेत्रमा ६ जना कर संकलक नियुक्ति गरी अमानतबाट कर संकलन गरी संकलित राजश्वको २० प्रतिशत सम्बन्धित कर संकलकलाई दिने गरेकोमा कुन कुन क्षेत्रबाट कति परिमाणमा उत्खनन एवं बिक्री भयो भन्ने व्यवस्थित अभिलेख राखेको छैन । स्वीकृत आइई प्रतिवेदन अनुसार मात्र उत्खनन एवं संकलन गरी सो को व्यवस्थित अभिलेख राखी संकलित राजश्व समयमै गाउँपालिकाको संचित कोषमा जम्मा गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

३२.३ **कालो सूची**

सार्वजनिक खरिद ऐन,२०६३ को दफा २७(५) मा बोलपत्रदाता सम्झौता गर्न नआएमा निजको बोलपत्रको जमानत रकम जफत गरी दफा ६३(ख) बमोजिम स्वीकृतिको लागि छनौट भएको बोलपत्रदाता वा प्रस्तावदाता खरिद सम्झौता गर्न नआएमा त्यस्तो व्यक्ति, फर्म, संस्था वा कम्पनीलाई निजको कार्यको गाम्भीर्यताको आधारमा सार्वजनिक खरिद अनुगमन कार्यलयले एक बर्षदेखि तीन बर्षसम्म कालो सूचीमा राख्न सक्ने व्यवस्था छ । ठेक्का नम्बर ६ मा बोलपत्रदाता त्रिवेणी गाउँपालिका वडा नं४ रुकुमका विशाल वली (कबोल अंक रु.२१,०१,८००/- ) सम्झौता गर्न नआएको हुँदा निज भन्दा लगत्तै पछिको बोलपत्रदाता दुर्गा बहादुर भण्डारी (कबोल अंक रु.२०,३४,०००/- ) सँग सम्झौता गरिएकोमा सम्झौता गर्न नआउने विशाल वलीको बोलपत्र जमानत रकम जफत गरिएको भएता पनि निजलाई कालो सूचीमा राख्नका लागि आवश्यक कारवाही अगाडि बढाएको पाईएन । निजलाई नियमानुसार कालोसूचीमा राख्नका लागि आवश्यक कारवाही अगाडि बढाउनुपर्दछ ।

३२.४ ढुंगा,गिटी बालुवा उत्खनन बिक्रि तथा व्यवस्थापन सम्बन्धी मापदण्ड,२०७९ को दफा ७ मा गाउँपालिकाले उत्खनन वा संकलन गर्न तोकिएको स्थलमा स्वीकृत परिमाणभन्दा बढी उत्खनन र संकलन हुन नदिन संकलन तथा उत्खनन आदेश दिनुपूर्व प्राविधिकबाट गरिएको नापजाँच तथा रेखांकनका आधारमा उत्खनन वा संकलनको क्षेत्र निर्धारण गरी लाईन लेभल समेत दिनुपर्ने व्यवस्था छ । त्यस्तै उत्खनन , संकलन वा ढुवानीकर्ताले उत्खनन, संकलन वा ढुवानी गरेको परिमाणको दैनिक अभिलेख अनुसूची ४क बमोजिम र दैनिक पटके बिक्री वा ढुवानी अभिलेख तेरिज अनुसूची ४ ख बमोजिमको ढाँचामा राख्नुपर्ने व्यवस्था छ । संकलनकर्ताले उत्खनन, संकलन वा ढुवानी गरेको परिमाणको दैनिक अभिलेख अनुसूची ४क बमोजिम र दैनिक पटके बिक्री वा ढुवानी अभिलेख तेरिज अनुसूची ४ ख बमोजिमको ढाँचामा राखेको नपाईएकाले सम्झौतामा उल्लेखित परिमाण भन्दा बढी परिमाण ननिकालेको सम्बन्धमा विश्वस्त हुने आधार संलग्न गरेको पाईएन ।

३२.५ कर्णाली प्रदेश आर्थिक ऐन,२०७९ को दफा ८ (६) मा ढुंगा,गिटी,बालुवा र दहतर बहतर संकलनबाट उठेको शुल्क स्थानीय विभाज्य कोषमा राखी सो रकममध्ये ६० प्रतिशतले हुन आउने रकम सम्बन्धित स्थानीय तहको सन्चित कोषमा र बाँकी ४० प्रतिशतले हुन आउने रकम प्रदेश सन्चित कोषमा मासिक रुपमा जम्मा गर्नुपर्ने व्यवस्था छ । हासिबाङदेखि सिम्लीखोला खण्ड (ठेक्का नम्बर ०६—०७९।८० ) मा दुर्गा बहादुर भण्डारीसँग रु.१८,००,०००/- (मु.अ.कर बाहेक ) र नायखोलादेखि रिम्ना दोभान खण्ड (ठेक्का नम्बर ०४—०७९।८० ) का लागि यति बिल्डर्स प्रा.लि.,ललितपुरसँग रु.९,००,०००/- (मु.अ.कर बाहेक ) मा सम्झौता भएकोमा ऐन बमोजिम ४० प्रतिशतले हुने रकम रु.१०,४४,०००/- प्रदेश सन्चित कोषमा पठाउनुपर्नेमा रु.९,६३,७५५/- मात्र पठाएकाले नपुग रु.८०,२४५/- प्रदेश संचित कोषमा पठाई सो को प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८०,२४५ |

३२.६ पालिकाले करदाताको हित र सुविधाका लागि एवं राजस्व मस्यौटलाई नियन्त्रण गर्न विद्युतीय माध्यमबाट राजस्व संकलन गर्न सक्ने व्यवस्था छ । यस पालिकाले कार्यालय र विभिन्न वडा कार्यालयमा संकलन गरिने आन्तरिक आम्दानी नगदमा बुझ्ने गरेको छ । विद्युतीय माध्यमबाट राजस्व संकलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ ।

### ३३ विद्यालयलाई पोषाक अनुदान

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार ब्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा

नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ।यस पालिकाले गोश्वरा भौचर नम्बर १२३।२०७९।०८।१२ बाट पालिकाका २९ वटा विद्यालयलाई विद्यार्थी संख्याको आधारमा प्रति विद्यार्थी रु.७०० का दरले वितरण गर्ने गरी पोषाक अनुदान भक्तानी गरेको छ। विद्यालयहरुले विद्यार्थीलाई पोषाक वितरण गरेको भर्पाई राखेको लेखापरीक्षणको क्रममा नदेखिएकोले बिद्यार्थीलाई पोषाक बितरण गरे नगरेको वा कति विद्यार्थीलाई पोषाक वितरण गरेको हो सो सम्बन्धमा यकीन हुन सकिदैन।वितरण भएको स्पष्ट देखिने भर्पाई पेश गर्नुपर्ने रु—

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १५,००,००० |

### ३४ बिल भर्पाई पेश गर्नुपर्ने

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा खर्च गर्दा त्यस्तो खर्च पुष्टि हुने बिल भर्पाई संलग्न हुनुपर्ने व्यवस्था छ। गोश्वरा भौचर नं ५९३।२०७९।१२।३० मा गाउँपालिका अध्यक्ष बिर्ख बहादुर बिष्टलाई भ्रमण खर्च बापत रु.५०,०००/- भुक्तानी भएकोमा भ्रमण आदेश, भ्रमण बिल, भ्रमण प्रतिबेदन लगायतका आवश्यक पुष्ट्याई कागजात गोश्वरा भौचर साथ संलग्न नराखी रकम भुक्तानी दिइएकोले प्रमाण पेश गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५०,००० |

### ३५ पदाधिकारीलाई पोषाक खर्च

कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धि ऐन,२०७५ को दफा ३,५,६,७,८ र अनुसुची १ मा गाँउकार्यपालिकाका अध्यक्ष, उपाध्यक्ष, सदस्य तथा गाउँसभाका सदस्यहरुले पोषाक सुविधा पाउने व्यवस्था गरिएको छैन । पालिकाले गोश्वरा भौचर नम्बर ९५।२०७९।६।१४ बाट १९ जना गाउँ कार्यपालिका सदस्यहरुलाई रु.१०,०००/- का दरले रु.१,९०,०००/- पोषाक खर्च बापत खर्च लेखिएको हुँदा सम्बन्धित पदाधिकारीबाट असुल गरी स्थानीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु–

| सि.नं | नाम थर | पद | पोषाक रकम |
|---|---|---|---|
| १ | बिर्ख बहादुर विष्ट | अध्यक्ष | १०००० |
| २ | कमला रोका पुन | उपाध्यक्ष | १०००० |
| ३ | टेक बहादुर पुन | सदस्य | १०००० |
| ४ | मान बहादुर पुन | सदस्य | १०००० |
| ५ | जगदिश नकाल | सदस्य | १०००० |
| ६ | मनोज कुमार बुढाथोकी | सदस्य | १०००० |
| ७ | अल बहादुर खत्री | सदस्य | १०००० |
| ८ | पहलसिं घर्ती मगर | सदस्य | १०००० |
| ९ | कुल बहादुर बुढा | सदस्य | १०००० |

| | | | |
|---|---|---|---|
| १० | प्रेम बहादुर बि.क. | सदस्य | १०००० |
| ११ | शेर बहादुर खड्का | सदस्य | १०००० |
| १२ | टिकाराम खड्का | सदस्य | १०००० |
| १३ | भुषाल सिं ओली | सदस्य | १०००० |
| १४ | सेते कामी | सदस्य | १०००० |
| १५ | बल बहादुर बि.क. | सदस्य | १०००० |
| १६ | देउमा भण्डारी | सदस्य | १०००० |
| १७ | सार पुन मगर | सदस्य | १०००० |
| १८ | बिमला बि.क. रोका | सदस्य | १०००० |
| १९ | लिला खड्का मगर | सदस्य | १०००० |
| | | **जम्मा** | **१९००००** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,९०,००० |

३६ **करार सेवाका कर्मचारीलाई महंगी भत्ता**

अर्थ मन्त्रालयको पत्र संख्या ३६५-०३।०७८।७९, च.नं. १७१९ मा नेपाल सरकार अन्तर्गत विभिन्न निकायको स्वीकृत दरबन्दीमा करारमा कार्यरत कर्मचारीलाई महंगी भत्ता उपलब्ध गराउन नसकिने ब्यहोरा उल्लेख छ। यस कार्यालयले देहाय बमोजिमका करार कर्मचारीहरुलाई महंगी भत्ता उपलब्ध गराउदै आएकोमा नियमसंगत नदेखिएको रु–

| **प्राविधिक र कार्यालय सहायक करार कर्मचारी** | | | |
|---|---|---|---|
| **नाम** | **महंगी भत्ता** | **महिना** | **रकम रु** |
| मोहन कुमार ओली | २००० | ६ | १२००० |
| गगन सिंह ओली | २००० | १२ | २४००० |
| जनक पुन | २००० | १२ | २४००० |
| रुपेश पुन | २००० | १२ | २४००० |
| रुद्रगोपाल डाँगी | २००० | १२ | २४००० |
| बिर बहादुर पुन | २००० | १२ | २४००० |

| | | | |
|---|---|---|---|
| कमला बोहरा | २००० | १२ | २४००० |
| नैन सिंह नकाल | २००० | १२ | २४००० |
| चन्द्र बहादुर बुढाथोकी | २००० | १२ | २४००० |
| रेशम लम्साल | २००० | ६ | १२००० |
| **कृषि र पशु करार कर्मचारी** | | | |
| गोपाल ओली | २००० | १२ | २४००० |
| जुनिसा पुन | २००० | १२ | २४००० |
| डिला पुन | २००० | ६ | १२००० |
| निर्मला भण्डारी केसी | २००० | १२ | २४००० |
| बिष्णु कुमारी खड्का मगर | २००० | १२ | २४००० |
| **राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण कार्यक्रमका कर्मचारी** | | | |
| नारायण ओली | २००० | १२ | २४००० |
| मन्जीत खड्का | २००० | १२ | २४००० |
| गिता खड्का | २००० | १२ | २४००० |
| **रोजगार संयोजक** | | | |
| रमेश खड्का | २००० | ६ | १२००० |
| **जम्मा** | ३८००० | | ४०८००० |

| | |
|---|---|
| अनियमित भएको | ४,०८,००० |

३७ **बैठक भत्ता**

अर्थ मन्त्रालयको कार्यसञ्चालन निर्देशिका, २०७७ को बुँदा नं ७.१.१ मा कार्यालय समय अघि वा पछी सम्पन्न भएको बैठकमा मात्र बैठक भत्ता प्रदान गर्न सकिने ब्यवस्था छ । पालिकाले निम्न बमोजिम गोश्वरा भौचर ८४।२०७९।०६।१२ र ७०३।२०८०।०२।१० बाट कार्यालय समयमा खोलिएको बोलपत्रको बैठकमा भत्ता प्रदान गरेको हुँदा उक्त रकम सम्बन्धितबाट असुल गर्नुपर्ने रु.

| सि.नं | कर्मचारीको नाम | पद | बैठक संख्या | दर | रकम |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| १ | दिपक बुढाथोकी | प्र.प्र.अ. | १० | १५०० | १५००० |
| २ | मोहन कुमार ओली | इन्जिनियर | ३ | १५०० | ४५०० |
| ३ | मिनाराम केसी | नायव सुब्बा | १० | १५०० | १५००० |
| ४ | कविन्द्र पुन | लेखापाल | ३ | १५०० | ४५०० |
| ५ | गणेश खड्का | क.अ. | १० | १५०० | १५००० |
| ६ | रुद्र गोपाल डाँगी | अ.स.इ. | १० | १५०० | १५००० |
| ७ | कृष्ण प्रसाद ओली | आ.ले.प | १० | १५०० | १५००० |
| | | | | **जम्मा** | **८४०००** |
| | | | असुल गर्नुपर्ने | ८४,००० | |

३८ **करार सेवाका कर्मचारीलाई स्थानीय भत्ता**

निजामती सेवा नियमावली, २०५० को नियम ९३ र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको करार सेवाका कर्मचारीले पाउने सेवा सुविधा सम्बन्धि विभिन्न समयको परिपत्र अनुसार करार सेवाको कर्मचारीले स्थानीय भत्ता पाउने/नपाउने सम्बन्धमा स्पष्ट व्यवस्था नगरेको अवस्था छ। यस पालिकामा करार सेवाको सम्झौता गरी कार्यरत देहाय बमोजिमका कर्मचारीलाई स्थानीय भत्ता बापत रु.७,८०,७५०/- खर्च गरेको छ।

| **प्राविधिक र कार्यालय सहायक करार कर्मचारी** | | | |
|---|---|---|---|
| नाम | स्थानीय भत्ता | महिना | जम्मा रकम |
| मोहन कुमार ओली | ११२५० | ६ | ६७५०० |
| गगन सिंह ओली | ७३५० | १२ | ८८२०० |
| जनक पुन | ७३५० | १२ | ८८२०० |
| रुपेश पुन | ७३५० | १२ | ८८२०० |
| रुद्रगोपाल डाँगी | ६१५० | १२ | ७३८०० |
| बिर बहादुर पुन | ६१५० | १२ | ७३८०० |
| रेशम लम्साल | १०८७५ | ६ | ६५२५० |
| **राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण कार्यक्रमका कर्मचारी** | | | |
| नारायण ओली | ७३५० | १२ | ८८२०० |

| | | | |
|---|---|---|---|
| मन्जीत खड्का | ६१५० | १२ | ७३८०० |
| गिता खड्का | ६१५० | १२ | ७३८०० |
| जम्मा | | | ७८०७५० |

३९ **अध्यक्ष उपाध्यक्ष अतिथी सत्कार खर्च**

कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धि ऐन,२०७५ को दफा ३,५,६,७,८ र अनुसुची १ मा गाँउकार्यपालिकाका अध्यक्ष, उपाध्यक्ष, सदस्य तथा गाउँसभाका सदस्यहरुले अतिथी सत्कार सुविधा पाउने ब्यवस्था गरिएको छ। सोही ब्यवस्था बमोजिम पदाधिकारीहरुले मासिक रुपमा पाउने सेवा सुविधामा अतिथी सत्कार समेत जोडी सुविधा बुझेको अवस्थामा फेरी छुट्टै अध्यक्ष उपाध्यक्षलाई अतिथी सत्कार खर्चको बजेट बिनियोजन गरी गोश्वरा भौचर नं ७४१, ७९६ र ९०२ बाट रु.१,५०,०००/- का खर्च लेखिएको छ।यसरी बजेट विनियोजन गरी पुन अतिथी सत्कार खर्च भुक्तानी भएको अनियमित रु.

| | |
|---|---|
| अनियमित भएको | १,५०,००० |

४० **अस्पताल भवन निर्माण**

४०.१ **एकीकृत स्वास्थ्य पूर्वाधार बिकास कार्यक्रम -**

पन्ध्र बेडको प्राथमिक अस्पताल भवन निर्माणका लागि मूल्य अभिवृद्धि कर र पिएस समेत रु.१७,८२,५१,३७५/- को लागत अनुमान स्वीकृत गरी विद्युतीय बोलपत्रका माध्यमबाट छनौट भएका शिवशक्ति÷थोदुङ÷बुद्ध हिमाली जे.भी.सँग २०७८।२।३१ मा २०८० असार ३० मा कार्यसम्पन्न गर्नुपर्ने गरी रु.१६,७९,०२,११०/- (मु.अ.कर र पिएस समेत ) मा सम्झौता भएकोमा यस बर्ष चौथो रनिङ्ग बिलसम्म रु.९,०७,९२,५७२/- बजेट खर्च लेखिएको छ । सो सम्बन्धमा देखिएका व्यहोरा देहाय अनुसार रहेका छन्

४०.२ **प्राविधिक प्रस्तावको मूल्यांकन** - कार्यालयको मिति २०७७।११।२ को बोलपत्र आव्हानको सूचना बमोजिम ६ वटा बोलपत्रदाताले आर्थिक तथा प्राविधिक प्रस्ताव पेश गरेकोमा बोलपत्र मूल्यांकन समितिको निर्णय अनुसार एक मात्र बोलपत्रदाता शिवशक्ति/ थोदुङ/ बुद्ध हिमाली जे.भी.प्राविधिक प्रस्तावमा उत्तिर्ण भई अन्य ५ वटा बोलपत्रदाताहरु निम्न कारणले प्राविधिक प्रस्तावमा अनुत्तिर्ण भएको जनाई कार्यालयको २०७८।१।२३ को पत्रानुसार शिवशक्ति/ थोदुङ/ बुद्ध हिमाली जे.भी.को आर्थिक प्रस्ताव खोली निजको आर्थिक प्रस्ताव स्वीकार गरेको पाईयो । सार्वजनिक खरिद ऐन नियमावली अनुरुप सार्वजनिक खरिदलाई प्रतिस्पर्धी तथा मितव्ययी तवरले हासिल गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

| | बोलपत्रदाताको नाम र ठेगाना | प्राविधिक प्रस्तावमा अनुत्तिर्ण भएको कारण |
|---|---|---|
| १ | खड्का पिएस जेभी, बाँके | माग भए बमोजिमको सवारी साधनको नविकरण नभएको तथा प्रोजेक्ट म्यानेजरको शैक्षिक योग्यता अपुग रहेको |

| | | |
|---|---|---|
| २ | कविन्द्र माउन्टेन जेभी, काठमान्डौं | माग भए बमोजिमको इक्युपमेन्ट नभएको तथा स्यानिटरी, इन्जिनियरिङको इक्युभालेन्ट प्रमाणपत्र अपुग रहेको |
| ३ | अवाले एडि जेभी काठमान्डौं | माग भए बमोजिमको सवारी साधनको नविकरण नभएको तथा प्रोजक्ट म्यानेजर र स्यानिटरी इन्जिनियरिङको शैक्षिक योग्यता अपुग रहेको |
| ४ | नेपाल आदर्श निर्माण सेवा, काठमान्डौं | माग भए बमोजिमको कन्स्ट्रक्शन एक्सपिरियन्स अफ बिल्डिड इन कि एक्टिभिटिज पिसिसी फर आरसिसी एम २५ कार्यका लागि योग्यता नपुगेको |
| ५ | रोशन प्याराडाइज जलजला जेभी, ललितपुर | माग भए बमोजिमको सवारी साधनको नविकरण नभएको तथा प्रोजेक्ट म्यानेजरको शैक्षिक योग्यताको अनुभवको अवधि अपुग रहेको |

४०.३ **एक पाने सम्झौता –** सार्वजनिक खरिद अनुगमन कार्यालयबाट तयार भएको जनरल कन्डिशन अफ कन्ट्रयाक्ट र स्पेशल कन्डिशन अफ कन्ट्रयाक्ट समेतका शर्तहरु समावेश गरी सम्झौता गर्नुपर्नेमा कार्यालयले निर्माण व्यवसायीसँग एक पाने सम्झौता गरेको पाईयो । सार्वजनिक खरिद ऐन र नियमावली अनुरुप तोकिएको ढाँचामा सम्झौता गर्नुपर्दछ ।

४०.४ **कार्यतालिका बमोजिम कार्य नभएको -** शिवशक्ति/ थोदुङ/ बुद्ध हिमाली जे.भी.सँग २०८० असार ३० मा कार्य सम्पन्न गर्ने गरी सम्झौता भएको र सम्झौताका बखत निर्माण व्यवसायीले पेश गरेको कार्यतालिका बमोजिम कार्य नगरेको कारण तोकिएको समयमा निर्माण कार्य सम्पन्न भएको पाईएन । कार्यालयले तोकिएको कार्यतालिका बमोजिम निर्माण व्यवसायीबाट कार्य सम्पन्न गर्नका लागि प्रभावकारी अनुगमनमा जोड दिनुपर्दछ ।

४०.५ **म्याद थप -** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२० मा सम्झौता बमोजिमको काम सम्झौताको अवधिभित्र पूरा गर्न नसकिने भएमा सम्बन्धित निर्माण व्यवसायीले खरिद सम्झौताको म्याद सकिनु कम्तीमा २१ दिन अगावै सम्बन्धित सार्वजनिक निकायमा अवधि थपको लागि निवेदन दिनुपर्ने र निवेदन प्राप्त भए पछि सम्बन्धित अधिकार प्राप्त अधिकारीले सो सम्बन्धमा आवश्यक जाँचबुझ गरी निवेदनमा म्याद थप गर्नको लागि खुलाइएको कारण खरिद सम्झौता बमोजिम मनासिब देखिएमा म्याद थप सम्बन्धी निर्णय सम्झौता अवधिभित्रै गरिसक्नु पर्ने उल्लेख छ । उक्त निर्माण व्यवसायीसँग २०८० असार ३० मा कार्य सम्पन्न गर्नुपर्ने गरी सम्झौता भएकोमा निर्माण व्यवसायीले २०८०।३।१३ मा कार्यालयमा दर्ता गरेको म्याद थपको निवेदनमा भेरियशनका लागि कार्यालयले तदारुकता नदेखाएको कारण तोकिएको समयमा निर्माण सम्पन्न हुन नसक्ने उल्लेख गरेको र गाउँ कार्यपालिकाको २०८०।३।९ को बैठकबाट आ.व.०८०।८१ को असार मसान्तसम्म म्याद थप गरिएको निर्णय व्यहोरा मनासिब देखिएको छैन ।

## ४१ सोझै खरिद

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१ख) बमोजिम एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक १० लाख भन्दा बढी रकमको एउटै व्यक्ति, फर्म, कम्पनी वा संस्थाबाट सोझै खरिद गर्न नसकिने व्यवस्था छ । पालिकाले एकै फर्म मामा भान्जा हार्डवेयर एण्ड सप्लायर्स प्रा.लि.बाट दुई पटकमा रु.१४,१२,१८२।९० को पाइप खरिद गरी भौचर नं.१० मिति २०७९/८/२५ र भौचर नं. १३ मिति २०७९/१२/०१ (प्रकोप व्यवस्थापन कोषतर्फ) बाट भुक्तानी गरेको पाइयो । पालिकाले जुनसुकै खरिद कार्य गर्दा खरिद ऐन तथा नियमावलीको पूर्ण पालना गर्नेतर्फ ध्यान दिनुपर्दछ । नियमावलीको व्यवस्था अनुकुल नहुने गरी तोकिएको सीमाभन्दा बढी रकमको सोझै खरिद गरेको नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | १४,१२,१८२ |

४२ **ठेक्का नं. ५/०७८-७९**

नेरा माध्यमिक विद्यालय घापागारको भवन निर्माणका लागि यात्रु निर्माण सेवा प्रा.लि.सँग मिति २०७९।३।२५ सम्ममा कार्यसम्पन्न गर्ने गरी मिति २०७८।१०।२५ मा रु.५४,७१,४९५/- को सम्झौता भएकोमा मिति २०७९।३।१६ को निर्णयले मिति २०८०।३।२२ म्याद कायम भएकोमा भौचर तथा ठेक्का फाइल परीक्षण गर्दा देखिएका व्यहोराहरु

४२.१ **बीमा -**सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ बमोजिम बीस लाख रुपैंयाभन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले त्रुटी सच्याउने अवधिसम्मको निर्माण कार्य लगायतको बीमा गराउनु पर्ने व्यवस्था रहेको छ । पालिकाले प्रस्तुत ठेक्कामा निर्माण कार्यको त्रुटी सच्याउने दायित्व अवधिसम्मको बीमा गराउनुपर्नेमा हालसम्म बीमा गराएको पाइएन । पालिकाले निर्माण कार्यको क्रममा हुने सम्भावित क्षति न्यूनीकरण गर्न त्रुटी सच्याउने अवधिसम्मको बीमा गराउनुपर्दछ ।

४२.२ **गुणस्तर परीक्षण -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ (ङ) बमोजिम निर्माण कार्यको गुणस्तर पक्षको निरीक्षण र परीक्षण गर्नुपर्ने व्यवस्था छ । पालिकाले विद्यालय भवन निर्माणका क्रममा प्रयोग भएका निर्माण सामग्रीहरु तथा निर्माण कार्यको गुणस्तर परीक्षण गराएको पाइएन । सिमेन्ट छड लगायतको निर्माण सामग्रीहरु तथा कन्क्रिटहरुको क्युब टेष्ट नगराएको कारण तोकिएको गुणस्तर बमोजिमको संरचना निर्माण भए नभएको सम्बन्धमा यकिन गर्न सकिएन । पालिकाले गुणस्तर परीक्षण गराएर मात्र ठेक्काको बील भुक्तानी तथा अन्तिम गर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । विद्यालय जस्तो संवेदनशिल भवन संरचनाको गुणस्तरीयता कायम गर्नका लागि सम्झौता एवं नियमावलीको व्यवस्था बमोजिम गुणस्तर परीक्षण गर्नुपर्दछ ।

४३ **ठेक्का नं. ९-०७८।७९**

ठेक्का नं. ९-०७८।७९ किचकिचे खोला चिन्तु बुगेरी लिफ्ट खानेपानी योजना निर्माणका लागि सपना एण्ड सरोज कन्स्ट्रक्सन सेवा सप्लायर्ससँग मिति २०७९।३।२५ सम्ममा कार्यसम्पन्न गर्ने गरी मिति २०७८।१।८ मा सम्झौता भएकोमा मिति २०७९।३।१६ को निर्णयले मिति २०८०।३।२२ सम्म म्याद कायम भएकोमा भौचर तथा ठेक्का फाइल परीक्षण गर्दा देखिएका व्यहोराहरु

४३.१ **बीमा-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ बमोजिम बीस लाख रुपैंयाभन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले त्रुटी सच्याउने अवधिसम्मको निर्माण कार्य लगायतको बीमा गराउनु पर्ने व्यवस्था रहेको छ । पालिकाले प्रस्तुत ठेक्कामा निर्माण कार्यको त्रुटी सच्याउने दायित्व अवधिसम्मको बीमा गराउनुपर्नेमा हालसम्म बीमा गराएको पाइएन । पालिकाले निर्माण कार्यको क्रममा हुने सम्भावित क्षति न्यूनीकरण गर्न त्रुटी सच्याउने अवधिसम्मको बीमा गराउनुपर्दछ ।

४३.२ **भेरिएशन -** सार्वजनिक खरिद नियमावली, ११८ बमोजिम खरिद सम्झौता गर्दाको बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सो सम्झौताको कार्यान्वयनको क्रममा सिर्जना भई ऐनको दफा ५४ बमोजिम सार्वजनिक निकायले भेरिएशन आदेश जारी गर्नुपर्ने भएमा नियमावली बमोजिमको प्रक्रिया पूरा गरी जारी गर्नुपर्ने व्यवस्था रहेको छ । प्रस्तुत ठेक्कामा निर्माण व्यवसायीले बि.ओ.क्यू.को आइटम नं. १७ को ९०० मिटर जिआई हेभि पाइपको सट्टामा मेडियम पाइपको प्रयोग गरी कार्य गरेकोमा त्यसमा आवश्यक सुधार गर्न लगाउनु पर्नेमा मिति २०८०।०२।०६ मा गाउँ

कार्यपालिकाबाट निर्माण व्यवसायीले मेडियम पाइप राखी कार्य सम्पन्न गरि सकेको हुँदा त्यसलाई हटाउँदा बढी समय लागि आयोजना प्रभावित हुन जाने भएकोले गाउँपालिकाको दररेट अनुसार सो कार्यको भुक्तानी गरी ठेक्का सम्पन्न गर्ने गरी निर्णय भएको पाइयो । नियमावलीको व्यवस्था बमोजिम पूर्वानुमान गर्न नसकिएको परिस्थिति सिर्जना नभई ठेकेदारले फरक कार्य गरेकोमा सोलाई स्वीकार गर्ने गरी गाउँ कार्यपालिकाबाट निर्णय भई सो जिआई मेडियम पाइप बापत रु.७,०६,३०५/- (मु.अ. कर बाहेक) भुक्तानी गरेको देखियो । पालिकाले सम्झौता बमोजिम कार्य नगर्ने निर्माण व्यवसायीलाई कानून बमोजिम कारबाही गरी सम्झौता बमोजिमको कार्य तोकिएको समयमा सम्पन्न गर्न लगाउनुपर्नेमा नियमावलीको व्यवस्था अनुकुल नहुने गरी निर्णय गरी भेरिएशन गरेको नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ७,९८,१२५ |

४४ **वितरणको भरपाई पेश गर्नुपर्ने**

पालिकाले विभिन्न जनजातीलाई सुधारिएको चुल्हो वितरण कार्यक्रम अन्तर्गत वितरण गर्नका लागि ५७ वटा चुल्हो जय बुद्ध धुँवा रहित चुल्हो उद्योगबाट रु.५९२५७२/- मा खरिद गरी वितरणका लागि २०८०।३।३० मा कर्णाली प्रदेश जनजाती संघलाई बुझाएकोमा ती चुल्हो सेट वितरण गरेको भरपाई हाल सम्म पेश भएको पाइएन । गरिब जनजातीलाई वितरण गर्नका लागि खरिद गरिएको चुल्हो समयमा नै वितरण गर्न लगाई लक्षित वर्गका व्यक्तिले प्राप्त गरे नगरेको तर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ । वितरणका लागि हस्तान्तरण गरीएको चुल्हो सेट लक्षित वर्गलाई वितरण भएको सुनिश्चित गर्नका लागि सम्बन्धित संघबाट वितरणको भरपाई माग गरी पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,९२,५७२ |

४५ **युद्ध स्मृति भवन निर्माण कार्य**

भवन निर्माण कार्य गर्न अनमोल निर्माण सेवा जाजरकोटलाई सँग मिति २०७८।९।२७ मा रु.७२ लाख ३ हजार २१८।७० मूल्य अभिवृद्धि कर सहित २०७९।०३।२५ सम्म कार्यसम्पन्न गर्ने गरी सम्झौता भएको देखियो। यस वर्ष सम्म जम्मा रु.३८००६३०।०० भुक्तानी गरेकोमा यस सम्बन्धमा देखिएका व्यहोरा देहाय अनुसार छन् ।

४५.१ **लागत अनुमान -** सार्वजनिक खरिद ऐन, २०६३ को नियम ५(१) मा सार्वजनिक निकायले कुनै पनि खरिदको लागि तोकिए बमोजिम लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । त्यस्तै दफा ८ (२) मा खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था छ। युद्ध स्मृति भवन निर्माण कार्य गर्न रु.७२ लाख ३ हजार २१८।७० को अनमोल निर्माण सेवा जाजरकोटसँग सम्झौत गरी कार्य गराएकोमा सोही भवनको पहिलो तलामा पलास्तर लगायत फिनिसिङ कार्यको लागि यस वर्ष रु.१७,९०,८६३.०० को उपभोक्ता समितिबाट कार्य गराएको देखियो । एकै स्थानको निर्माण कार्य गर्दा टुक्रा टुक्रा गरी उपभोक्ता समिति र निर्माण व्यावसयीबाट गराउँदा लागत अनुमान यथार्थपरक नहुने, निर्माण कार्यमा दोहोरोपना हुन सक्ने र पटक पटक एकै स्थानमा कार्य गराउँदा गुणस्तरिय कार्य सम्पादन समेत नहुने अवस्था रहन्छ ।एउटै कामको टुक्रा टुक्रा पारी लागत अनुमान बनाउने र एकै स्थानमा उपभोक्ता समितिबाट कार्य गराउँदा दोहोरोपना समेत हुने भएकाले सम्पूर्ण कार्यको लागत अनुमान स्वीकृत गरी निर्माण कार्य गराउनु पर्दछ

४५.२ **म्याद थप -** सार्वजनिक खरिद ऐन,२०६३ को दफा ५६ तथा नियमावली, २०६४ को नियम १२१ (क) बमोजिम निर्माण व्यवसायीको ढिलाईको कारणले खरिद सम्झौता बमोजिमको काम सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई सम्झौता रकमको १० प्रतिशतमा नबढ्ने गरी प्रतिदिन सम्झौता रकमको ०.०५

प्रतिशतका दरले पूर्व निर्धारित क्षतिपूर्ति असुल गर्ने व्यवस्था छ ।सम्झौता अनुसार मिति २०७९।३।२५ मा कार्य सम्पन्न गर्नु पर्नेमा सम्पन्न नगरेकोको कारण मिति को कार्यपालिकाको निर्णयको आधारमा २०८०।०३।३१ अवधिसम्म म्याद थप गरेको देखियो । म्याद थप गर्दा निर्माण व्यावसायीसँग सम्पन्न गर्ने कार्यतालिका समेत समावेश गरेको छैन ।सुरु सम्झौता अनुसार कार्य सम्पन्न नगर्ने निर्माण व्यावसायीबाट पूर्व निर्धारित क्षतिपूर्ति असुल गरी बाँकी कार्य सम्पन्न गरीनु पर्दछ ।

४५.३ **पेश्की जोखिममा -** अनमोल निर्माण सेवा जाजरकोट ले पेश गरेको पेश्की जमानतको म्याद मिति २०८०।०४।१ मै समाप्त भएको देखियो। सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ११३(४) मा बैंक जमानतको मान्य अवधि खरिद सम्झौतामा उल्लेख भएको पेश्की फछ्र्यौट गर्नुपर्ने अवधिभन्दा कम्तिमा एक महिना भन्दा बढी अवधिको हुनुपर्ने उल्लेख छ ।निर्माण व्यवसायीको नाममा बांकी रहेको पेश्की रु.९,०५,०००।०० हजारको नेपाल बैंकको जमानतको म्याद मिति २०८०।०३।२४ मै समाप्त भएको रहेको पाईयो।लेखापरीक्षण अवधि २०८०।६।२० सम्म निज निर्माण व्यवसायीको नाउंमा रहेको रु.४,०५,०००।०० को बैंक जमानतको म्याद थप भई आएको नदेखिएकोले पेश्की रकम जोखिममा रहेको देखियो । नियमानुसार व्याज समेत हिसाबगरी निजबाट असुल हुनु हुनु पर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४,०५,००० |

## ४६ सानी भेरी कभर्ड हल निर्माण

४६.१ कवर्ड हल निर्माण निर्माण कार्यको वयलडिङ एण्ड फिटिङ खर्च भनि एकमुष्ट रु.३,००,०००।०० जनाएको देखियो । उल्लेखित आइटमको वास्तविक लागतको दर विश्लेषण पेश गरेको छैन। फिटङ चार्ज जनाएको रकमको सम्बन्धमा दर विश्लेषण गरी खर्चको बास्तबिकता एकिन गर्नु पर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,००,००० |

४६.२ **बढी भुक्तानी** ३८-२०८०।०३।२० सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ। सानीभेरी कवर्ड हल निर्माण उपभोक्ता समितिलाई विभिन्न कट्टी पछि जम्मा रु.२५,१६,८१५/- भुक्तानी हुनुपर्नेमा रु.२५,३५,०००।०० बढी भुक्तानी भएको रु.१८,१८५.०० सम्बन्धितबाट असुल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १८,१८५ |

## ४७ प्रोभिज्नल समको भुक्तानी

गौ.भौ.नं ५४-२०८०।०३।२४ आर्थिक कार्यविधि तथा वितिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा खर्चको विल भरपाइ सहितको लेखा राख्नुपर्ने तथा नियम ३९(१०) मा भुक्तानी दिन रित पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ। पालिकाले बुकिचौर बाब्बे टाकुरा लिफ्ट खानेपानी आयोजनाको रमण निर्माण सेवालाई अन्तिम बिल भुक्तानी दिदा ल्याब टेष्टबापत रु.२०,०००।०० भुक्तानी भएकाले । सम्बन्धितबाट असुल गर्नु पर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २०,००० |

## ४८ बेलटापु रंगशाला निर्माण कार्य

४८.१ **फरक दरले भुक्तानी -** बेलटापु रंगशाला निर्माण कार्य बेलटापु रंगशाला निर्माण उपभोक्ता समिति बाट गराउँदा Earth work Excavation soil को मानिस द्वारा गर्ने गरी दर विश्लेषण गरी लागत अनुमान तयार गरी मेशिन प्रयोग गरेको देखियो। उक्त कार्य गर्दा मानिस द्वारा माटो कटिङको दर रु.५६९.५९ दरले भुक्तानी भएकोमा मेशिन द्वारा गर्ने कार्य गराउदा रु.८३.४६ पर्ने हुँदा नमर्श भन्दा बढी दर रु.४८६.१३ ले जम्मा माटो कटिङको कार्य २४७.१० घ.मी को जम्मा रु.१,२०,१२३/- सम्बन्धितबाट असुल हुनु पर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,२०,१२३ |

४८.२ **अग्रिम आयकर -** आय कर ऐन, २०५८ को दफा ८९(क) मा उपभोक्ता समिति मार्फत काम गराउने गरी गरिएको पचास लाख रुपैया भन्दा बढीको भुक्तानी रकममा एक दशमलव पाँच प्रतिशतका दरलरे कर कट्टी गर्नुपर्ने व्यवस्था छ । पालिकाले बेलटापु रंगशाला निर्माण उपभोक्ता समितिलाई भुक्तानी गर्दा रु.१२,०४१।०० अग्रिम आयकर घटी कट्टी भएको देखिएकाले सम्बन्धितबाट असुल गरिनु पर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १२,०४१ |

## ४९ सिमेन्टको बढी भुक्तानी -

स्वीकृत दर विश्लेषण अनुसार १:२:४ को पि.सी कार्य गर्दा प्रति घ.मी.६.४ ब्याग सिमेट खपत हुने उल्लेख छ । पालिकाले गर्भेखोला रातामाटा सिंचाई कुलो निर्माण रोजगार उपभोक्ता समितिलाई जम्मा ५५.५४ घ.मी. १:२:४ को पि.सी. कार्यको गर्दा सामाग्री बापतको भुक्तानी गर्दा सिमेण्टको ५५.२७ घ.मी. को कार्यमा जम्मा ३५६ ब्याग खपत हुनेमा ३८६ ब्याग मिसेणटको भुक्तानी भएको देखिएकाले बढी खपत देखाएको ९५ ब्याग सिमेण्टको प्रतिब्याग ८९० का दरले हुने जम्मा रु.२६,७००/- सम्बन्धित उपभोक्ता समितिबाट असुल गरिनु पर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २६,७०० |

## ५० पाइपको बढी भुक्तानी -

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा खर्चको विल भरपाइ सहितको लेखा राख्नुपर्ने तथा नियम ३९(१०) मा भुक्तानी दिन रित पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । डलसिंगे हाँसिबाङ खानपानी निर्माण उपभोक्ता समितिलाई ५० एम.एम. को एचडिपी पाइपको २६५ मिटरको भुक्तानी भएकोमा उपभोक्ताले पेश गरेको बिलमा १६५ मिटर मात्रै देखिएकाले बिल भन्दा बढी भुक्तानी भएको १०० मिटरको प्रति मिटर रु.२८२.५० को जम्मा रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २८,२५० |

## ५१ प्रशासकिय भबन निर्माण

ठेक्का नं - २०७८।०७९ प्रशासकिय भबन निर्माण कार्य गर्न आशिष रेलिगर जे .भीसँग मिति २०७९।२।२४ मा रु.८ करोड ५० लाख ७२ हजार ७४१।३८ को मिति २०८१।०३।३० मा कार्यसम्पन्न गर्ने गरी सम्झौता भएको

देखियो।सम्झौता अनुसार मिति २०७९।०९।१४ मा तेस्रो बिलसम्म रु.१ करोड ६० लाख ३६ हजार ११७ मूल्य अभिवृद्धि कर समेत भुक्तानी गरेकोमा यस सम्बन्धमा देखिएका व्यहोरा देहाय अनुसार छन ।

५१.१ **गुणस्तर परीक्षण -** ठेक्का सम्झौता र सार्वजनिक खरिद नियमावलीको नियम १११ अनुसार गुणस्तर परीक्षण तथा नियन्त्रण गर्नुपर्ने व्यवस्था छ । सो व्यवस्था अनुसार निर्माण व्यवसायीले गुणस्तर आस्वतता योजना पेश गरेको छैन । सिलवन्दी नमुनाको आधारमा गुणस्तर परीक्षण गर्नुपर्नेमा सो गरेको छैन । निर्माण सामाग्रीको गुणस्तर परीक्षण गरिएका सामाग्रीमात्र प्रयोग गर्नुपर्नेमा त्यस प्रकारको स्वीकृती दिएको देखिएन । क्युव टेष्ट, प्रयोग डण्डिको स्पेसिफिकेसन अनुसार तोकिएको संस्थामा गुणस्तर परीक्षण गराएको पाइएन। प्रशासकिय भबनको गुणस्तर व्यवस्थापनमा पालिकाको कमजोरीको कारण निर्माणाधिन संरचनामा गुणस्तरीय ढङ्गले कार्यसम्पादन भएको छ भनि विश्वस्त हुन सकिएन। ठेक्का विलको भुक्तानीमा प्राविधिक नापजाँच एवं मुल्यांकनको अतिरिक्त उक्त भुक्तानीबाट भएको कार्यमा सम्बन्धित साइट इन्जिनियरबाट गुणस्तर परीक्षण गराउनु पर्दछ । परीक्षण गरेको प्रत्येक पटक स्पष्टरुपमा खुलाई सिफारिस साथ भुक्तानीको लागि पठाउने व्यवस्था गर्नुपर्दछ ।

५१.२ **कार्यसम्पादन जमानतको म्याद -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम११० (४) मा बोलपत्र मान्य अवधि त्यस्तो सम्झौतामा उल्लेखित निर्माण कार्यको त्रुटी सच्चाउने दायित्व को अवधिभन्दा कम्तीमा एक महिना बढी अवधिको हुनु पर्ने व्यवस्था छ। पालिलकाले आशिष रेलिगर जे .भीसँग प्रशासकिय भबन निर्माण कार्यको रु.४२,६०,०००.०० को प्राइम बैंक लिमिटेडको कार्य सम्पादन जमानतको अन्तिम मिति २०८१।०५।३० सम्म रहेकोमा सो अन्तिम मिति देखि त्रुटी सच्चाउने दायित्वको अवधिभन्दा कम्तीमा एक महिना बढी अवधि २०८२।०४।३१ सम्मको हुनु पर्नेमा सो भन्दा १ वर्ष घटी अवधिको २०८१।०५।३० सम्मको पेश गरेको देखियो । त्रुटी सच्चाउने दायित्वको अवधिभन्दा कम्तीमा एक महिना बढी अवधिको पेश हुनु पर्दछ ।

५१.३ **वीमा -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२(१) मा बीस लाख रुपैया भन्दा वढी मुल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले वीमा गराउनुपर्ने व्यवस्था छ।त्यस्तै नियम ११२(१)घ मा निर्माण व्यावसायीव्यवसायीलाई निर्माणस्थल सुम्पिएको मिति देखि हस्तान्तरण प्रमाणपत्र जारी गरिने मितिसम्मको अवधि सम्म वीमा गराउनुपर्ने व्यवस्था छ।प्रशासकिय भबनको निर्माण कार्य र कामदार तथा कर्मचारीको बीमा गरेको देखिएन ।निर्माण स्थलमा हुने जखिमलाई न्यूनिकरण गर्न सम्झौता अनुसार वीमा गरिनु पर्दछ ।

५२ **प्राविधिक बिल र कार्य सम्पन्न**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधिकले

इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

५३ **करकट्टी**

गो.भौ.नं ६०- २०७९।९।२५ आय कर ऐन,२०५८ को दफा ८८ (१) मा भुक्तानी भएको रकममा १५ प्रतिशत कर कट्टी गर्नुपर्ने व्यवस्था छ। निशान कम्युनिकेशन कम्प्यूटर सेन्टरलाई रु.४९,०००/- भुक्तानी हुँदा नियमानुसार १५ प्रतिशत कर रु.७,३५०/- कट्टी हुनुपर्नेमा रु.७३५/- मात्रै कट्टी भएको देखिएकाले घटी कर कट्टी भएको रु.६,६१५/- सम्बन्धितबाट असुल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६,६१५ |

५४ **योजना प्राथमिकीकरण**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०७९।८० मा निम्नअनुसार ८७५ योजना कुल रु.६० करोड ४२ लाख १ हजार लागतका योजनामा वजेट विनियोजन गरेको छ।उपर्युक्त विवरणअनुसार पालिकाले रु.१ लाख सम्मका ३९७ योजना,१ लाख देखि २ लाख सम्म १६२ योजना, रु.२ लाखदेखि ५ लाखसम्मका १५० योजना,रु.५ लाख देखि रु.१० लाखसम्मका योजना ६० योजना रहेका र १० लाख भन्दा बढीका जम्मा १०६ योजना कार्यान्वयन गरेको देखियो । पालिकाले अधिकांश योजना साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ ।जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ। तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

| **योजनाको वर्गिकरण** | **संख्या** | **रकम रु** |
|---|---|---|
| रु.१ लाख सम्म | ३९७ | २,३६,६७,७६५ |
| रु.१ लाख देखि २ लाखसम्म | १६२ | २,७१,२४,८२५ |
| रु.२ लाखदेखि ५ लाखसम्मका | १५० | ५,४०,४२,१९० |
| रु.५ लाख देखि १० लाखसम्मका | ६० | ४,२३,६४,०४६ |
| रु.१० लाखभन्दा बढीको | १०६ | ४५,७०,०२,१७४ |
| **जम्मा** | **८७५** | **६०,४२,०१,०००** |

५५ **सम्झौताको शर्तको पालना**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई प्रमाण र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ । पालिका विभिन्न वडामा सार्वजनिक सुनुवाई कार्यक्रममा संचालनका लागि डि.टि.सी. मिडिया प्रा.लि.सँग मित २०७९।११।१८ मा सम्झौता गरेकोमा सम्झौताको शर्त बमोजिम कार्यक्रम संचालनका क्रममा खर्च भएको बिल भरपाई पेश भएको आधारमा मात्र भुक्तानी दिने उल्लेख भएको रहेछ । तर पालिकाले उक्त फर्मलाई खर्चको कुनै पनि बिल भरापई पेश गर्न नलगाई निजले कार्यसम्पन्न भए पश्चात पेश गरेको प्रतिवेदनको आधारमा रु.३,००,०००/- भुक्तानी दिई सम्झौतामा उल्लिखित शर्त भन्दा फरक गरी भुक्तानी दिएको पाइयो । पालिकाले कुनै पनि कार्यका लागि सम्झौता भएकोमा सोका शर्तहरुको पूर्ण पालना गर्ने गराउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

## ५६ जटिलसंरचना निर्माण

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो ।यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र मार्फत प्रतिस्पर्धा गराइ सञ्चालन गर्दा उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन् :

| उपभोक्ता समितिको नाम | कामको विवरण | भुक्तानी रकम |
|---|---|---|
| जैजाने पाखे टोल टुनीगैरा सडक उपभोक्ता समिति | हार्ड रक सहितको कटिङ | २३७०५१३ |
| सहिद स्मृति भबन निर्माण उपभोक्ता समिति | भबन निर्माण | २५००००० |
| सानी भेरी कभर्ड हल निर्माण उपभोक्ता समिति | कभर्ड हल निर्माण | २५३५००० |
| युद्ध स्मृति भबन निर्माण | भबन निर्माण | १७९०८६३.०० |
| | | ९१९६३७६ |

## ५७ लागत सहभागिता

पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ ।

## ५८ फर्माको बढी दरले भुक्तानी

फर्माको स्वीकृत नमर्श अनुसार चार देखि पाँच पटक सम्म प्रयोग गर्ने गरी लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ । पालिकाले देहाय अनुसारका निर्माण कार्यको दर विश्लेषण गर्दा स्वीकृत दर विश्लेषण प्रति वर्ग मिटर रु.४५८ हुनुपर्नेमा बढी दरले भुक्तानी भएको देहाय अनुसार अनुसूचीमा उल्लेख भएका निर्माण उपभोक्ता समितिबाट रु .९५४२३५ असुल गर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९,५४,२३६.४१ |

**(विस्तृत विवरण बेरूजु दफा ५८ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

## ५९ स्यार्पु पावर कम्पनी लिमिटेडमा शेयर लगानी

५९.१ **विगत वर्षको शेयर लगानी -** कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर काठमाण्डौमा लि.न. १९६३१५ मा दर्ता भएको स्यार्पु पावर कम्पनी लिमिटेडमा संस्थापक शेयरधनिको रुपमा यस जिल्लाका ६ स्थानीय तह र जिल्ला समन्वय समिति समेतको २ लाख ७५ हजार शेयरको प्रति शेयर रु.१०० दरले रु.२,७५,००,०००.०० को संस्थापक लगानी निर्धारण गरेको मध्ये २०७६।६।१० सम्म रु.१,४१,७२,४८५.०० शेयर लगानी वापत **स्यार्पु पावर कम्पनी लिमिटेडको** नाममा रकम पठाइसकेको देखिन्छ। लिमिटेड कम्पनीमा लगानी गर्ने र प्रतिफल सम्वन्धमा संस्थापक शेयरधनीको रुपमा रहेका स्थानीय तहले साझा अवधारणा तयार गरेको देखिएन। नाफामुलक लिमिटेड कम्पनीमा लगानी गर्ने सम्वन्धमा सेवा प्रदायक तहले समिक्षा गर्नुपर्ने देखिन्छ ।

५९.२ गो.भौ. नं ८-२०७९।०९।२६ बाट कर्णाली समृद्धि कार्यक्रम **स्यार्पु पावर कम्पनी लिमिटेड** पूँजीगत अनुदान कार्यक्रम अन्तर्गत बजेट व्यवस्था भए अनुसार कार्यपालिकाको मिति २०७९।०६।०५ गतेको निर्णयले स्यार्पु पावर कम्पनी लिमिटेडलाई रु.३ करोड भुक्तानी दिएको देखियो । उक्त कम्पनीको अधिकृत पुँजी रु.५ करोड, जारी पूँजी रु.५ करोड र चुक्ता पूँजी २ करोड ७५ लाख रहेकोमा मिति २०७८।१०।२५ शेयर पूँजी संरचना परिवर्तन गरी अधिकृत पुँजी रु.२२ करोड, जारी पूँजी रु.२२ करोड कायम गरेको छ। जस अनुसार पालिकाको नाममा शेयर धनी नं ००००0५ को ३,२१,००० कित्ताको शेयर कायम गरेको देखियो। उक्त शेयर लगानीलाई वित्तीय विवरणमा समावेश गरिनु पर्दछ ।

५९.३ **स्यार्पु पावर कम्पनी लिमिटेड**लाई गत विगत वर्षमा सानीभेरी लगायत पाँच पालिका र जिल्ला विकास समन्वय रुकुम पश्चिमबाट रु.१ करोड ४१ लाख ७२ हजार ४५८ भुक्तानी भएको र यस वर्ष यस पालिकाबाट रु.३ करोड भुक्तानी भएको अवस्था छ । कम्पनीको लागि ठुलो रकम लगानी भइसकेको अवस्थामा हाल सम्मको भैतिक प्रगति सन्तोषजनक रहेको पाइएन। यस सम्बन्धमा गाउँपालिकाले सार्वजनिक लगानीको सदुपयोगको सम्बन्धमा आवश्यक अनुगमन गरी लगानी सुरक्षाको सुनिश्चित्ता हुनु पर्दछ ।

## ६० मूख्य मन्त्री रोजगार कार्यक्रम तर्फ

मूख्य मन्त्री रोजगार कार्यक्रम सञ्चालन कार्यविधि,२०७८ को दफा २ मा योजना छनौटका आधारहरु तोकिएको छ ।त्यस्तै दफा ७ को अनुसूची ५ बमोजिम श्रमिक ज्याला तथा सामाग्रीको लागत अनुपात तोकिएको छ। यस वर्ष

पालिका अन्तर्गत १ वटा योजना छनौट रु.१ करोड ५२ लाख ४२ हजार २४१ खर्च गरी १६० जनालाई ११,२२९ दिन रोजगारी प्रदान गरेको देखियो ।यस सम्बन्धमा देखिएका व्यहोरा देहाय अनुसार छन्

६०.१ **योजना छौनोट :** आयोजना छनौट गर्दा श्रमिकको उपयोगि हुने योजना छनौट गरी कार्यान्वयन गरिनु पर्दछ । पालिकाले खेल मैदान निर्माण, पोखरी निर्माण र पिसिसी सोलिङ तथा पिसिसी नाला निर्माण जस्ता कार्य श्रमिकबाट गर्न भन्दा मेशिन तथा निर्माण व्यवसायीबाट गराउन उपयुक्त हुने योजना सञ्चालन गर्दा लागत बढी लागेको देखियो। योजनाको छनौट तथा कार्यान्वयन गर्दा श्रममुलक योजना मात्र छनौट गरी सञ्चालन गरिनु पर्दछ ।

**(विस्तृत विवरण बेरूजु दफा ६०.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

६०.२ **सामाग्रीको भुक्तानी -** कार्यविधि अनुसार नयाँ ट्र्याक खोल्ने ३० प्रतिशत, कच्ची नाला निर्माण ४० प्रतिशत , मर्मत तथा स्तरोन्नती र पक्की नाला निर्माण ५० प्रतिशत सामाग्री बापतको भुक्तानी गर्न मिल्ने देखिन्छ ।पालिकाले उल्लेखित योजना सञ्चालन गर्दा समाग्री वापत खर्च जनाएको बालुवा गिट्टी र काठको भुक्तानी भरपाईको आधारमा हुने गरेको देखियो ।यि आइटमहरु भुक्तानी गर्दा आधिकारीक डिपो तथा बन उपभोक्ता समितिबाट जारी भएकव बिल समावेश गरेको देखिएन । बास्तविक विल र आधिकारीक राजश्व रसिदको आधारमा खर्च जनाउनु पर्दछ । भुक्तानी भएका केही उदाहरण देहाय अनुसार छन् ।

## ६१ आन्तरिक लेखापरीक्षणबाट कायम बेरुजु

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आफ्नो आय ब्ययको आन्तरिक लेखा परीक्षण गराउनुपर्ने ब्यवस्था रहेको छ । साथै उक्त नियमको दफा ७७(३) मा आन्तरिक लेखापरीक्षणले औंल्याएका कैफियत सम्बन्धित अधिकारीले अन्तिम लेखापरीक्षण हुनु अगावै सम्परीक्षण गराउनुपर्ने ब्यवस्था छ ।पालिकाले आन्तरिक लेखापरीक्षणका दौरान उठान गरेको कैफियतलाई अन्तिम लेखापरीक्षण गर्ने समयसम्म पनि कुनै कारवाही गरेको पाइएन।आन्तरिक लेखापरीक्षणका क्रममा उठान भएका कैफियत निम्नानुसार रहेका छन्। अतः आन्तरिक लेखापरीक्षणले औंल्याएको ब्यहोरा फछ्र्योट भएको प्रमाण पेश गर्नुपर्ने रु.

| | | |
|---|---|---|
| | **रास्ट्रपति शैक्षिक सुधार कार्यक्रम -** सुर्योदय मा.बि. बेल्टापुको ४ कोठे भबन निर्माण योजनाको स्वीकृत ल.इ. रु.५७,५०,४४९.४९ मा अनुदान रकम रु.५०,००,०००/- भुक्तानी हुने गरि सम्झौता भएकोमा प्राबिधिक मूल्यांकन रु.५६२९६७७.४९ को १५% ले हुन आउने रकम रु.८,४४,४५२/- श्रमदान कट्टी गरि भुक्तानी गर्नुपर्नेमा रु.७,५०,०००/- मात्र श्रमदान कट्टी भएकोले श्रमदानको अंश कम भएको रु. | ९४४५२ |
| | **तलवी प्रतिवेदन -** निजामति सेवा ऐन, २०४९ दफा ७ ख (२) वमोजिम तलवी प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा पालिकाले स्वास्थ्य शाखामा कार्यरत कर्मचारीहरुको तलवी प्रतिवेदन पारित नगरी रु.२,६४,९८,३२५|४० तलव भत्ता खर्च लेखेको पाइयो । तलवी प्रतिवेदन पारित नगरेकोले ग्रेड समेत यकिन गर्न नसकिने हुँदा तलबी प्रतिवेदन पारित गरेर मात्र तलब खर्च लेख्नुपर्दछ । | |

| गोश्वरा भौचर।मिति | विवरण | रकम रु. |
|---|---|---|
| ५९/२०७९/०९/२५ | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(४) अनुसार सार्वजनिक निकायले एक लाख रुपैंया भन्दा बढी रकमको सोझै खरिद गर्दा मौजुदा सुचिमा रहेका कम्तिमा ३ वटा आपूर्तिकर्ता, निर्माण ब्यवसायी, परामर्शदाता वा सेवा प्रदायकबाट लिखित रुपमा दरभाउपत्र माग गरी खरिद गर्नुपर्ने ब्यवस्था छ ।५९/२०७९/०९/२५ वाट रिफम विजिनेश सोलुसन प्रा.लि.लाई वडा नं. ५,६,१०र ११ मा इन्टरनेट रिपिटर जडान गरे वापत रु.३,००,०००/- भुक्तानी गरेको पाइयो यसमा लागत अनुमान तयार गरी स्वीकृत गरिएको देखिएन साथै कोटेशन पनि नगरेकोले अनियमित देखिएको रु. | ३००००० |
| ६०२\|२०८०\|०१\|०३ | **बिउबिजन खरिद -** कृषि बिउ खरिद कार्यक्रम बाट बिउबिजन खरिद गरेको रकम ओली एग्रोभेट सेन्टर एण्ड सप्लायर्स रु.४,३३,२००/- भुक्तानी खरिद गरेको उक्त बिउबिजन कृषकलाइ वितरण गरेको भरपाई संलग्न नरहेकोले भरपाई पेश गरि खर्च नियमित गर्नुपर्ने रु. | ४३३२०० |
| ८१२\|२०८०\|०३\|१० | ७ नं. वडा रोल्खोला लघु जलबिधुत योजना निर्माण उ.स. रु.१२,००,०००/- भुक्तानी गरेकोमा समान ढुवानी गरेको रु.२,१०,०००/- को भर्पाइमा बहाल कर कट्टी नगरेको रु.२१,०००/- र अन्य बिल भर्पाइमा अग्रिम आय कर रु.१४,०४०/- कट्टी नगरेकोले असुल गरि दाखिला रकम रु. | ३५०४० |
| ८६१\|२०८०\|०३\|१५ | गाउपालिका भैसी स्रोत केन्द्रलाई रु.५,००,०००/- भुक्तानी गरेकोमा उक्त स्रोत केन्द्रले पेश गरेको घास पराल किनेको रु.१,८४,०००/- को भर्पाइमा १०% बहाल कर कट्टी गर्नुपर्नेमा रु.६,०८८/- मात्र कट्टी गरेकोले कमकट्टी भएको रकम रु.१२,३१२/- असुल गरि दाखिला गर्नुपर्ने | १२३१२ |
| १६०\|२०७९\|१२\|१२ | उधम बिकाश सहजकर्ता प्रेम जी.एम. लाइ कार्यक्रम खर्च रकम रु.२,९६,४६०/- भुक्तानी दिएकोमा कार्यक्रम अबधिभर जम्मा १४ ब्यानर छापेको बिल पेश गरेको दर रु.१,५००/- राखेको पाइयो कार्य संचालन निर्देशिका अनुसार ब्यानर बापत रु.१,०००/- सम्म राख्न सकिने उल्लेख छ । यसरि निर्देशिका बिपरित बढी दरराखी भुक्तानी भएको रकम रु.१४*५००=७,०००/- असुलउपर गर्नुपर्ने रकम रु. | ७००० |
| ४१०।२०८०।०३।३१ | लघु उद्यम विकास सहजकर्ता प्रेम प्रकाश जि.एम.ले सिम्ली वजारमा एक दिने लघु उद्यमीहरुको लागि वित्तिय सेवामा पँहुच कार्यक्रमको | ५०००० |

<table>
<tr><td></td><td>पेश्कि रकम फर्छ्यौटमा मुख्य प्रशिक्षक नेपालगञ्ज देखि ल्याएको आतेजाते खर्च रकम गाडी चालक समिर के.सी.लाई रु.५०,०००/- भुक्तानी दिएकोमा गाडी धनिसंग सम्झौता गरेको देखिएन। सम्झौता पेश गरि खर्च नियमित गर्नुपर्ने रकम रु.</td><td></td></tr>
<tr><td>१२९|२०७९|१२|३०</td><td>सानीभेरी गाउपालिका पुँजीगत - ३ नं. वडा कार्यालयमा फर्निचर खरिद रकम रु.२७,०००/- हाम्रो होम डेकोर एण्ड सप्लायर्स लाई बिल भर्पाइ बेगर भुक्तानी भएको बिल भर्पाइ पेश गरि खर्च नियमित गर्नुपर्ने अन्यथा असुलउपर गर्नुपर्ने रु.</td><td>२७०००</td></tr>
<tr><td>१६२|२०८०|०२|७</td><td>वडा नं. ४ अन्तर्गत सर्पाचौर, गोलचौर पाखापानी जाली तथा मेशिनरी वाल निर्माण योजनाको रकम भुक्तानी गर्दा प्राबिधिक मूल्यांकन अनुसार रु.३,७९,४६०/- भुक्तानी गर्नुपर्नेमा रु.३,८४,०००/- भुक्तानी भएकोले बढी भुक्तानी रु.४,५४०/- असुल गर्नुपर्ने रु.</td><td>४५४०</td></tr>
<tr><td></td><td>अग्रिम आय कर - आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा भुक्तानी गर्दा अग्रीमकर कट्टा गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ | तर कार्यालयले देहायका योजनाको भुक्तानीमा गर्दा अग्रिम आयकर कम कट्टी भएको असुल गरि दाखिला गर्नुपर्ने रु.
<table>
<tr><th>सी.नं.</th><th>गो.भौ नं.</th><th>योजनाको नाम</th><th>कट्टी हुनुपर्ने रकम</th><th>कट्टी भएको रकम</th><th>कम कट्टी भएको रकम रु.</th></tr>
<tr><td>१</td><td>८७</td><td>१० नं. वडा सडक मर्मत तथा स्तरवृद्धि</td><td>१४२१६</td><td>१२२१७</td><td>१९९९</td></tr>
<tr><td>२</td><td>११५</td><td>रातामाटा चार कृषि सडक निर्माण योजना</td><td>९९८८</td><td>६६६०</td><td>३३२८</td></tr>
<tr><td>३</td><td>१२३</td><td>८ नं. वडा भवन निर्माण योजना</td><td>८५७९</td><td>५७२०</td><td>२८६०</td></tr>
</table></td><td>१८९९७</td></tr>
</table>

<table>
<tr>
<td></td>
<td>
<table>
<tr><td>४</td><td>१२८</td><td>रातापहर चोत्रेलोटे कृषि सडक</td><td>३९९२</td><td>२६६२</td><td>१३३०</td></tr>
<tr><td>५</td><td>१५३</td><td>५ नं. वडा कार्यालय फिल्ड निर्माण योजना</td><td>६२५७</td><td>४१७२</td><td>२०८५</td></tr>
<tr><td>६</td><td>१६१</td><td>८ नं. वडा विप्पे लिफ्ट लिफ्ट खानेपानी योजना</td><td>२२१९१</td><td>१४७९५</td><td>७३९६</td></tr>
<tr><td colspan="3">जम्मा</td><td></td><td></td><td>१८९९७</td></tr>
</table>
</td>
<td></td>
</tr>
<tr>
<td>३९।२०८०।०२।२४</td>
<td>व.उ.शि.नं. ८०६५९५०३५०१ संघिय पुँजीगतः वडा नं.३ बेल्टापु खेलकुद पूर्वाधार निर्माण योजनाको रकम भुक्तानी गर्दा बिल भर्पाइहरुको अग्रिम आयकर रु.३५,०७५/- कट्टी गर्नुपर्नेमा रु.२३,३८४/- मात्र कट्टी गरेकोले कम कर कट्टी भएको रु.११,६९१/- सम्बन्धित उ.स. वाट असुल गरि दाखिला गर्नुपर्ने रु.</td>
<td>११६९१</td>
</tr>
<tr>
<td>११३।२०८०।०३।१३</td>
<td>राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत सरस्वती मा.बि. चिन्तुको ४ कोठे भबन निर्माण योजनाको स्वीकृत ल.इ.रु.५७,५०,४४९।२२ मा अनुदान रकम रु.५०,००,०००/- भुक्तानी हुने गरि सम्झौता भएकोमा प्राबिधिक मूल्यांकन रु.५४,६९,२७१।७७ मा जनश्रमदान को अंश रु.८,१७,१०९।२० घटाएर रु.४६,५२,१६२।५७ भुक्तानी गर्नुपर्नेमा रु.४७,१८,८२२/- भुक्तानी भएकोले रु.६६,६६०/- सम्बन्धित उ.स. वाट असुल गर्नुपर्ने रकम रु.</td>
<td>६६६६०</td>
</tr>
<tr>
<td></td>
<td>व.उ.शि.नं. ८०६५९५०३५०२ प्रदेश चालु- पारिश्रमिक कर कम असुली : मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका कर्मचारीहरुलाई प्रोत्साहन भत्ता रु.१,८०,०००/- भुक्तानी गर्दा पारिश्रमिक कर रु.२७,०००/- कट्टी गर्नुपर्नेमा रु.१,८००/- सामाजिक सुरक्षा कर</td>
<td>२४४८०</td>
</tr>
</table>

मात्र कट्टी गरेकोले कम कर कट्टी भएको रकम रु.२५,२००/- असुल गरी दाखिला गर्नुपर्ने रुकम रु.

| कर्मचारीको नामथर | लिएको प्रोत्साहन भत्ता रकम रु. | कट्टी गर्नुपर्ने रकम रु. | कट्टी भएको रकम रु. | कम कट्टी भएको रकम रु. |
|---|---|---|---|---|
| रमेश खड्का | ७२००० | १००८० | ७२० | ९३६० |
| मोहन कुमार ओली | ३०००० | ४५०० | ३०० | ४२०० |
| रेसम लम्साल | २५००० | ३७५० | २५० | ३५०० |
| अर्जुन कुमार देवकोटा | ६५०० | ९७५ | ६५ | ९१० |
| भिमा विष्ट | ४५०० | ६७५ | ४५ | ६३० |
| जनक पुन | ६५०० | ९७५ | ६५ | ९१० |
| गगन सिं ओली | ६५०० | ९७५ | ६५ | ९१० |
| रुद्रगोपाल डाँगी | ६५०० | ९७५ | ६५ | ९१० |
| काशिराम खत्री | ६५०० | ९७५ | ६५ | ९१० |
| विर वहादुर पुन | ६५०० | ९७५ | ६५ | ९१० |
| भुवन कुमार ओली | ६५०० | ९७५ | ६५ | ९१० |

<table>
<tr><td></td><td>
<table>
<tr><td>पवन कुमार के.सी.</td><td>३०००</td><td>४५०</td><td>३०</td><td>४२०</td></tr>
<tr><td>जम्मा</td><td>१८००००</td><td>२७०००</td><td>१८००</td><td>२४४८०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td></td><td>
व.उ.शि.नं. ८०६५९५०३५०२ प्रदेश पुजीगतः<br>
आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा भुक्तानी गर्दा अग्रीमकरकट्टा गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ ।तर कार्यालयले देहायका योजनाको भुक्तानीमा अग्रिम आयकर कम कट्टी भएको असुल गरि दाखिला गर्नुपर्ने रु.
<table>
<tr><th>सी.नं.</th><th>गो.भौ नं.</th><th>योजनाको नाम</th><th>कट्टी हुनुपर्ने रकम</th><th>कट्टी भएको रकम</th><th>कम कट्टी भएको रकम रु.</th></tr>
<tr><td>१</td><td>७</td><td>वेल्टापु रङगशाला निर्माण योजना</td><td>२७१००</td><td>१८०६७</td><td>९०३३</td></tr>
<tr><td>२</td><td>१४</td><td>मुरेखोला लामाचौर सिंचाइ कुलो योजना नि.उ.स.</td><td>८८४८</td><td>५८९८</td><td>२९५०</td></tr>
<tr><td>३</td><td>१९</td><td>मुलपानी चौखे खारापातल सिंचाइ योजना उ.स.</td><td>९७६८</td><td>६५१२</td><td>३२५६</td></tr>
<tr><td>४</td><td>२१</td><td>जैजाने पाखेरोल टुनिगैरा</td><td>३४०१७</td><td>२२६७९</td><td>११३३८</td></tr>
</table>
</td><td>२६५७७</td></tr>
</table>

| | | | | | |
|---|---|---|---|---|---|
| | | सडक नि.उ.स. | | | |
| जम्मा | | | २६५७७ | | २६५७७ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ११,११,९५० |

## ६२ तुसारे अध्याचौर गरायला खानेपानी योजना निर्माण

६२.१ यस Lift Water Supply योजनाका लागि विद्युतीय बोलपत्रका माध्यमबाट छनौट भएका सपना एन्ड सरोज कन्स्ट्रक्शन सेवा सप्लायर्स,जाजरकोटसँग २०७८।१।८ मा २०७८।३।२० मा कार्य सम्पन्न गरिसक्ने गरी रु.६५,८८,४७५।७३ (मुअ कर समेत ) मा सम्झौता भएकोमा सो सम्बन्धमा देखिएका व्यहोरा निम्न रहेका छन् ः
**पूर्वनिर्धारित क्षतिपूर्ति -** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२१ मा निर्माण व्यवसायीको ढिलाईको कारणले खरिद सम्झौता बमोजिमको काम सो सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई सम्झौता रकमको दश प्रतिशतमा नबढ्ने गरी साधारणतया प्रति दिन सम्झौता रकमको ०.०५ प्रतिशत पूर्व निर्धारित क्षतिपूर्ति दिनुपर्ने व्यवस्था छ । उक्त निर्माण व्यवसायीसँग भएको सम्झौता अनुसार २०७८।३।२० मा कार्यसम्पन्न गरिसक्नुपर्नेमा गाउँ कार्यपालिकाको मिति २०७८।३।१६ को निर्णयले कोभिड १९ को बन्दाबन्दीको कारण जनाई २०७८।८।२९ सम्म र २०७९।२।१५ को निर्णयानुसार २०८०।३।३० सम्म म्याद थप भएको छ । म्याद थप पश्चात निर्माण व्यवसायीले २०८० असार ३० मा कार्यसम्पन्न गरि सक्नुपर्नेमा लेखापरीक्षण अवधि २०८० भदौ ३० सम्म कार्यसम्पन्न नभएकाले ढिला अवधि ६० दिनको मु.अ.करबाहेक सम्झौता रकम रु.५७,५०,८६३/- को ०.०५ प्रतिशतले हुने रु.१,७२,५२५/- र सम्झौता अनुसार कार्यसम्पन्न भएको अवधिसम्म थप गरी पूर्वनिर्धारित क्षतिपूर्ति असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,७२,५२५ |

६२.२ **बीमा नगरेको -** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ११२ मा खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा बाहेक २० लाख रुपैयाँभन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माणस्थल सुम्पिएको मितिदेखि हस्तान्तरण प्रमाणपत्र जारी गरिने मितिसम्म हुने हानि नोक्सानीको बीमा गराउनुपर्ने व्यवस्था छ । बिल अफ क्वान्टिटीमा बीमा बापत रु.६०,०००/- उल्लेख भएकोमा निर्माण व्यवसायीले बीमा गराएको पाईएन । निर्माण व्यवसायीलाई त्रुटी सच्याउने अवधिसम्मको बीमा गर्न लगाई हानि नोक्सानीको जोखिम न्यूनीकरण गर्नुपर्दछ ।

६२.३ कार्यालयले ठेक्का अभिलेख खाता नराखेको हुँदा उक्त निर्माण व्यवसायीलाई हालसम्म कुन कुन भौचरबाट कति रकम भुक्तानी भयो भन्ने सम्बन्धमा यकिन गर्न सकिएन ।

## ६३ सानोभेरी नदी हासिवाङ लिफट खानेपानी सिंचाई योजना

६३.१ सानोभेरी नदी हासिवाङ लिफट खानेपानी सिंचाई योजनाका लागि विद्युतीय बोलपत्रको माध्यमबाट छनौट भएका निर्माण व्यवसायी सदादेव निर्माण सेवा, तुलसीपुरसँग २०८० असार २० मा कार्यसम्पन्न गर्ने गरी रु.८७,७३,४००।४४ (मुअकर र पिएस समेत ) मा सम्झौता भएको छ । सो सम्बन्धमा देखिएका व्यहोरा निम्न बमोजिम रहेका छन :

**कार्यविधि विपरित खर्च -** समपूरक अनुदान सम्बन्धी (तेस्रो संशोधन) कार्यविधि,२०७७ को दफा ६ मा नेपाल सरकारले स्थानीय तहलाई कुल लागतको अधिकतम ५० प्रतिशतसम्म रकम समपूरक अनुदान प्रदान गर्न सक्ने व्यवस्था छ । सानोभेरी नदी हासिवाङ लिफट खानेपानी सिंचाई योजनाका लागि समपूरक अनुदान अन्तर्गत रु.५० लाख बजेट व्यवस्था भएकोमा यस बर्ष प्रथम रनिङ्ग बिलमा रु.४१,०४,३८९।६३ को कार्य भएकोमा गोश्वारा भौचर नम्बर १२०,मिति ०८०।३।२४ बाट रु.४७,७८,१२५। समपूरक अनुदानबाट बजेट खर्च लेखिएकाले बढी भुक्तानी भएको रु.६,७३,७२७। मिति २०८०।४।७ मा बेरुजु दाखिला भएको छ । यस बर्ष प्रथम रनिङ बिल, सुचना प्रकाशन खर्च समेत गरी रु.५० लाख को ५० प्रतिशतले हुने रु.२५ लाख मात्रै समपुरक अनुदानबाट खर्च लेख्नुपर्नेमा रु.५०,००,०००/- खर्च लेखिएको हुँदा बढी खर्च लेखिएको रु.२५ लाख अनियमित देखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | २५,००,००० |

६३.२ **बीमा नगरेको -** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ११२ मा खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा बाहेक २० लाख रुपैयाँभन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माणस्थल सुम्पिएको मितिदेखि हस्तान्तरण प्रमाणपत्र जारी गरिने मितिसम्म हुने हानि नोक्सानीको बीमा गराउनुपर्ने व्यवस्था छ । सदादेव निर्माण सेवा, तुलसीपुरसँग रु.८७,७३,४००।४४ (मुअकर र पिएस समेत ) मा सम्झौता भएकोमा बिल अफ क्वान्टिटीमा बीमा बापत रु.५०,०००। उल्लेख भएकोमा निर्माण व्यवसायीले बीमा गराएको पाईएन । निर्माण व्यवसायीलाई त्रुटी सच्याउने अवधिसम्मको बीमा गर्न लगाई हानि नोक्सानीको जोखिम न्यूनीकरण गर्नुपर्दछ ।

## ६४ बढी भुक्तानी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई प्रमाण र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ । पालिकाले केवलेश्वर मेडि सेल्ससँग औषधि खरिदका लागि रु.१५२३९९६/- (भ्याट बाहेक) को सम्झौता गरेकोमा बि.ओ.क्यू. मा उल्लेखित औषधि तथा सामग्रीहरु मध्ये रु.५२०८०/- का सामग्रीमा मात्र रु.६७७०।४० भ्याट लाग्ने हुँदा भ्याट सहित रु.१५३०७६६।४० मात्र भुक्तानी गर्नुपर्नेमा फर्मले बि.ओ.क्यू. मा उल्लेख भएको भन्दा बढी दर राखी पेश गरेको बिलको आधारमा रु.१७२२११५/- भुक्तानी गरेको पाइयो । सम्झौता तथा बि.ओ.क्यू. बमोजिम भुक्तानी गर्नुपर्नेमा सो भन्दा फरक पारी बढी भुक्तानी गरेको रकम सम्बन्धितबाट असुल गर्नुपर्ने देखिएको रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,९१,३४९ |

## ६५ औषधी खरिद

पालिकाले यस वर्ष सिलबन्दी एवं सोझै खरिद प्रक्रिया अवलम्बन गरी केवलेश्वर मेडी सेल्सबाट सिलबन्दी दरभाउपत्रका माध्यमद्वारा रु.१७,२२,११५/- को औषधी एवं सर्जिकल उपकरणहरु खरिद गरेकोमा देखिएका व्यहोराहरु निम्नानुसार छन् :

- आपूर्ति हुने औषधि डब्लु.एच.ओ. सर्टिफाइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं. र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधिहरुमा निःशुल्क वितरणका लागि भन्ने व्यहोरा उल्लेख नभएको ।

- आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधि तथा सर्जीकल उपकरणको गुणस्तर सम्बन्धमा यकिन गर्न सकिएन ।
- तसर्थ औषधिको खरिदको लागि भण्डारमा रहेको मौज्दात एवं मागमा आधारित योजना तर्जुमा गरी उचित मात्रामा औषधी खरिद गर्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बाँकी रहेको औषधिहरु जिम्मेवारी सारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

६६ **लागत सहभागिता नगराएको**

गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को दफा ४१(२) बमोजिम उद्यमीलाई उद्योगको प्रकृति, आवश्यकता र उद्योगबाट सिर्जना हुने रोजगारीका आधारमा प्रविधि उपलब्ध गराउँदा कम्तीमा बीस प्रतिशत रकम उद्यमी स्वयंले व्यहोर्नु पर्ने व्यवस्था रहेको छ । पालिकाले देहायका पुराना उद्यमीहरुलाई प्रविधि हस्तान्तरण गर्दा निर्देशिकाको व्यवस्था बमोजिम २० प्रतिशत लागत व्यहोर्न लगाएको पाइएन । पालिकाले सम्बन्धित उद्यमी समुहलाई लागत सहभागिता नगराई प्रविधि हस्तान्तरण गरेको देखिँदा देहाय बमोजिम उपलब्ध गराईएको प्रविधिको २० प्रतिशतले हुन आउने रकम सम्बन्धितबाट असुल गरी संघीय संचितकोषमा दाखिला गर्नुपर्ने रु.

| सि.नं. | उद्यमीको नाम | हस्तान्तरित प्रविधिको मुल्य | सहभागिताको रकम |
|---|---|---|---|
| १ | सिर्जनशील लघु उद्यमी समुह, सानीभेरी गा पा ६ | १०९००० | २१८०० |
| २ | तुल्से ओली | ६१५०० | १२३०० |
| ३ | चन्द्रकला घर्ती | ६१५०० | १२३०० |
| ४ | गंगा पुन | ६१५०० | १२३०० |
| ५ | लोक बहादुर ओली | ६१५०० | १२३०० |
| जम्मा | | ३५५००० | ७१००० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७१,००० |

६७ **अनुदानको अनुगमन**

सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले कृषि, पशु, शैक्षिक सेवा, सामान खरिदमा रु.८३६१९३५/- तथा विभिन्न सहकारी संस्थालाई बीउपूँजी तथा अनुदानमा रु.८,००,०००/- गरी रु.९१,६१,९३५/- अनुदान खर्च लेखेको छ । तर पालिकाबाट वितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

६८ **विद्यालय भौतिक निर्माण**

६८.१ शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को बुँदा नम्बर ८.२ मा प्रत्येक स्थानीय तहले विद्यालय भौतिक पूर्वाधार कार्यक्रमहरु कार्यान्वयन गर्दा विद्यालयसँग सम्झौता भए पश्चात पहिलो किस्ताको रुपमा कुल अनुदान रकमको ३० प्रतिशत , स्ट्रक्चरल पार्टको कार्य सम्पन्न भए पश्चात दोस्रो किस्ताको रुपमा ५० प्रतिशत र कार्यसम्पन्न गरे पश्चात अन्तिम किस्ताको रुपमा २० प्रतिशत रकम अनुदान दिने व्यवस्था छ । कार्यालयले कार्यान्वयन पुस्तिकामा उल्लेख भएको व्यवस्था विपरीत विद्यालयले सम्झौता बमोजिमको कार्य सम्पन्न नभएको अवस्थामा २०८०।३।२६ मा निम्न बमोजिम ७ विद्यालयको बैंक खातामा रु.२,०४,५५,०३१। जम्मा गर्न पठाई सनराईज बैंक लिमिटेडलाई रकम रोक्का गर्न पत्र पठाएको कार्य नियमसंगत देखिएन । कार्यान्वयन पुस्तिकामा उल्लेख भएको व्यवस्था बमोजिम विद्यालयहरुलाई रकम निकासा गर्नुपर्दछ ।

| क्र.सं. | विद्यालयको नाम | निकासा रकम |
|---|---|---|
| १ | जनप्रिय मा.वि.,हासिबाङ्ग | ३५००००० |
| २ | सानो भेरी मा.बि.,मेघा | ३५००००० |
| ३ | शिव आ.बि.,काफलबोट | ३५००००० |
| ४ | सुर्योदय मा.बि.,बेलटापु | ३५००००० |
| ५ | जनज्योति मा.बि.,मेलचौर | ३५००००० |
| ६ | पृथ्वी आ.वि.,देउताखोला | १७५०००० |
| ७ | सानो भेरी मा.बि.,मेघा | १२०५०३१ |
| | जम्मा | २०४५५०३१ |

६८.२ सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२३(ख) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले कुनै बिल बीजकको भुक्तानी गर्दा प्राविधिक नाप जाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायका विद्यालयहरुलाई विद्यालय भौतिक निर्माणका लागि कार्यसम्पन्न नहुँदै नापी किताब तयार नगरी निकासा पठाएकोमा २०८० श्रावणमा कार्यसम्पन्न प्रतिवेदन पश्चात रकम बढी निकासा दिएको रकम कट्टा गरी बेरुजु दाखिला गरेकोमा अनुसूचीमा उल्लेख भए अनुसार नपुग रकम रु.३,५०,२५५। सम्बन्धित विद्यालयबाट असुल गरी संघीय संचित कोषमा दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,५०,२५५ |

**(विस्तृत विवरण बेरूजु दफा ६८.२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

६९ **नविकरणीय उर्जा प्रविधि जडान**

नविकरणीय उर्जा प्रविधि जडान कार्य अन्तगत गोश्वारा भौचर नम्बर २९,मिति ०८०।२।५ मा न्यु सिटी कम्प्युटर एन्ड सप्लायर्सबाट सोलार युपिएस, ब्याट्री लगायतका १० आईटम खरिद गरी रु.९,८४,३४०/- खर्च लेखिएकोमा तोकिएको स्पेसिफिकेशन अनुसार सामान प्राप्त भए नभएको परीक्षण गरी प्रतिवेदन तयार गरेको पाईएन । सार्वजनिक

खरिद नियमावली,२०६४ मा भएको व्यवस्थाको पालना गरी गुणस्तरीय मालसामान प्राप्त गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ ।

## ७० बिल भरपाई पेश गर्नुपर्ने

कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं. २.४.६.१ को ३.१ मा IEMIS अनुसार प्रविष्टि तथ्याङ्कसँग सत्यापन गराई यकिन संख्याको आधारमा कक्षा ११ र १२ को हकमा प्रथम त्रैमासिक भित्र विद्यालयहरुलाई निकासा दिने, यसरी निकासा दिँदा पहिलोपटकमा विद्यार्थी संख्याको ७५ प्रतिशत मात्र निकासा दिने र विद्यार्थी भर्ना भएको विवरण, पाठ्यपुस्तक खरिद र वितरणको भर्पाइको आधारमा मात्र नपुग रकम थप २५ प्रतिशतबाट निकासा दिन सकिने व्यवस्था छ । पालिकाले कक्षा ११ र १२ को पाठ्यपुस्तक बापतको रकम तेस्रो त्रैमासिकमा मात्र निकासा दिएको पाइयो । कार्यान्वयन पुस्तिकाको व्यवस्था बमोजिम तोकिएको समयमा पाठ्यपुस्तको रकम निकासा नहुँदा विद्यार्थीहरुको पठनपाठन असर पर्न सक्ने देखिन्छ । पालिकाले समयमा नै पाठ्यपुस्तक बापतको अनुदान निकासा गर्नुपर्दछ । कक्षा ११ र १२ का लागि पालिकाले विद्यालयको माग बमोजिम पाठ्यपुस्तक खरिद गर्न देहायका विद्यालयलाई देहाय बमोजिम अनुदान निकासा दिएको पाइयो । ढिला गरी निकासा गरेको कारण शैक्षिक सत्र २०७९ का विद्यार्थीहरुले विद्यालय छाड्ने र नयाँ विद्यार्थी भर्नामा ढिला हुने भएको हुँदा कक्षा ११ र १२ को पाठ्यपुस्तक खरिदका लागि माग भए अनुरुपका विद्यार्थी भर्ना भए नभएको सम्बन्धमा पालिकाले यकिन गरी बिल भर्पाइ पेश गर्नुपर्ने रु.

| क.स. | विद्यालयको नाम | निकासा रकम |
|---|---|---|
| १ | रासी ज्ञानोदय मा वि सिम्ले | ११०४१० |
| २ | भरीदोभान मा वि चाइनाबगर | १७८२२ |
| ३ | सूर्योदय मा वि बेलटापु | ४३४९६ |
| ४ | बालज्योती मा वि गिठाकोट | १७४६८ |
| ५ | सानीभेरी मा वि बलिबाङ | ५४५६२ |
| ६ | शितल मा वि पक्रैया | १२३०७ |
| जम्मा | | २५६०६५ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,५६,०६५ |

## ७१ सेनिटरी प्याड

सेनिटरी प्याड सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ को दफा ३ बमोजिम विद्यालयहरुको शैक्षिक सूचना व्यवस्थापन प्रणालीको छात्राहरुको तथ्याङ्कसँग भिडाइ तोकिएको गुणस्तरको सेनिटरी प्याड प्रचलित कानून बमोजिम खरिद गरी विद्यालयको माग र IEMIS को तथ्याङ्कसँग भिडाई वितरण गर्नुपर्ने व्यवस्था रहेकोमा भौचर परीक्षण गर्दा देखिएको व्यहोराहरु

७१.१ **टुक्रा पारी खरिद -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था छ । त्यसै गरी सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ बमोजिम २० लाख भन्दा बढी रुपैयाँको मालसामान खुला बोलपत्रको माध्यमद्वारा खरिद गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले यस वर्ष स्यानिटरी प्याड खरिद गर्दा प्रतिस्पर्धात्मक विधि नअपनाई देहायको भौचर र मितिबाट सोझै खरिद गरेको देखिएको छ । पालिकाले खरिद ऐन तथा नियमावलीको व्यवस्था अनुकुल नहुने गरी सेनिटरी प्याड खरिद गरेको नियमसम्मत नदेखिएको रु.

| भौचर नं. र मिति | आपूर्तीकर्ता | संख्या | रकम |
|---|---|---|---|
| १८८-२०८०/१/४ | एम.एच. हेल्थ ईन्डस्ट्रिज प्रा.लि. | १८०० | १५८६५२ |
| १८९-२०८०/१/१७ | पाथिभरा मेडिसिन एण्ड सर्जीकल सप्लायर्स प्रा.लि. | ११३०० | ९९५९८२ |
| १८२-२०८०/१/७ | अरबिन जनरल सप्लायर्स | ११३०० | ९९५९८२ |
| जम्मा | | २४४०० | २१५०६१६ |
| | अनियमित भएको | | २१,५०,६१६ |

७१.२ **गुणस्तर सुनिश्चितता गर्नुपर्ने -** सेनिटरी प्याड(वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ को दफा ३ को उपदफा ४ बमोजिम स्थानीय तहले अनुसूची १ मा उल्लेख गरिए बमोजिमको गुणस्तरको सेनिटरी प्याड प्रचलित कानून बमोजिम खरिद गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष तीन आपूर्तीकर्ताबाट २४४०० प्याकेट सेनिटरी प्याड खरिद गरेकोमा आपूर्तीकर्ताबाट प्राप्त भएको सेनिटरी तोकिएको कार्यविधिले तोकेको गुणस्तर र स्पेशिफिकेसन अनुसार भएको नभएको भन्ने सम्बन्धमा आपूर्तीकर्ताबाट कुनै पनि प्रकारको गुणस्तर सम्बन्धी कागजात पेश गर्न लगाएको र सो अनुसारको सेनिटरी प्याड प्राप्त भएको भनी परीक्षण गरेको पाइएन । महिला स्वास्थ्यका हिसाबले संवेदनशिल सेनिटरी प्याडको परीक्षण नगर्दा तोकीए भन्दा कमसल गुणस्तरको सेनिटरी प्याडको उपयोग हुन गई स्वास्थ्यमा गम्भिर असर पर्न जाने जोखिम रहन्छ । पालिका सेनिटरी प्याड खरिद गर्दा कार्यविधिले तोकेको बमोजिमको गुणस्तर र स्पेशिफिकेसन बमोजिमको प्याड आपूर्ती भएको सुनिश्चित गर्न आपूर्तीकर्ताबाट गुणस्तर सम्बन्धी कागजात माग गर्नुका साथै सो बमोजिम भए नभएको यकिन गर्नुपर्दछ ।

७१.३ **अभिलेख नराखेको -** सेनिटरी प्याड(वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ को दफा ५ को उपदफा २ बमोजिम विद्यालयको सेनिटरी प्याड माग भएको संख्या स्थानीय तहले शैक्षिक व्यवस्थापन सूचना प्रणालीको तथ्याङ्कसँग भिडाई विद्यालयलाई आवश्यक हुने संख्यामा सेनिटरी प्याड उपलब्ध गराई दफा ५(३) बमोजिम प्रत्येक विद्यालयलाई उपलब्ध गराएको सेनिटरी प्याडको अभिलेख अलग अलग राख्नुपर्ने व्यवस्था रहेको छ । त्यसैगरी दफा ६ बमोजिम विद्यालयले त्यसरी प्राप्त भएको प्याडको अभिलेख जिन्सी खातामा व्यवस्थित रुपले राख्नुपर्ने तथा वितरण गरेको सेनेटरी प्याडको अभिलेख तथा बुझिलिएको भरपाई सुरक्षित गरी राख्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष गत आर्थिक वर्षको बाँकी मौज्दात ४०००० प्याकेट र यस आर्थिक वर्षको खरिद समेतबाट गरी ४१००८ प्याकेट सेनिटरी प्याड विद्यालयहरुलाई वितरण गरी खर्च लेखेकोमा विद्यालयहरुबाट गत वर्ष प्राप्त भएको प्याडमध्ये के कति प्याड खर्च भएको र कति मौज्दात बाँकी रहेको भन्ने विवरण नलिई वितरण गरेको पाइयो । पालिकाले विद्यालयहरुबाट जिन्सी आम्दानी बाँधेको र खर्च

भएको संख्या यकिन गर्नुका साथै वितरणको भरपाई समेतका आधारमा आवश्यक संख्या यकिन गरेर मात्र विद्यालयहरुलाई सेनिटरी प्याड वितरण गर्नुपर्दछ । पालिकाले कार्यविधिले तोके बमोजिम प्रत्येक विद्यालयलाई उपलब्ध गराएको सेनिटरी प्याडको अभिलेख अलग अलग रुपमा राखेको पाइएन । यसरी बिना कुनै अभिलेख सेनिटरी प्याडको वितरण गर्नाले सोको दुरुपयोग हुने र सम्बन्धित लाभग्राही सुविधाबाट बञ्चित हुने सम्भावना रहन्छ । पालिकाले विद्यालयगत अभिलेख तथा विद्यालयले जिन्सी आम्दानी बाँधेको प्रमाण र वितरण गरेको भरपाई संलग्न गरी नियमित रुपमा अनुगमन गर्नुपर्दछ ।

७२ **थप व्ययभार**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ बमोजिम करारका शर्त वमोजिम वास्तविक नापीका आधारमा निर्माण व्यवसायीलाइ भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत जनसहयोग आ.वि. घेराबार निर्माणको कार्यका लागि नर्म्स बमोजिमको दर विश्लेषण अनुसार गणना गर्दा ५९२ दिनको रु.६३२/- का दरले भुक्तानी गर्नुपर्नेमा डोर हाजिरीको आधारमा ६८८ दिनको भुक्तानी गर्दा ९६ दिनको रु.६०,६७२/- थप भुक्तानी भएको पाइयो । नर्म्स अनुरुप ज्यामीको संख्या निर्धारण नगरी डोर हाजिरीको आधारमा भुक्तानी गर्दा पालिकालाई थप व्ययभार पर्न गएको देखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ६०,६७२ |

७३ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ११ वडामा ३३ योजना सञ्चालन गरी यस वर्ष १८८ जनालाई औसत ९३.६५ दिनले १७६०८ दिन रोजगारी उपलब्ध गराई रु.१,११,२७,५२८/- श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

७४ **लगत कट्टाको अभिलेख**

सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ को दफा ११ मा कुनै लाभग्राहीको मृत्यु भएमा, एकल महिला लाभग्राहीले विवाह गरेमा वा ऐन, नियमावली तथा कार्यविधि बमोजिम लगत कट्टा हुनुपर्ने लाभग्राहीको हकवाला वा प्रचलित कानून बमोजिमका सूचकले सम्बन्धित स्थानीय तहको वडा कार्यालयमा त्यस्तो घटना भएको ३५ दिनभित्र घटना दर्ता गराई सम्बन्धित स्थानीय तहको अभिलेखबाट नाम हटाउनु पर्ने लाभग्राहीको नाम कार्यालय प्रमुखबाट निर्णय गराई प्रणालीबाट लगत कट्टा गरी स्थानीय तहको मूल अभिलेखमा समेत जनाउनु पर्ने व्यवस्था छ । पालिकाले लाभग्राहीको लगत कट्टा गरेको विवरण र मृत्यु दर्ताको अभिलेख अद्यावधिक नगरेको कारण सामाजिक भत्ता दोहोरो पर्ने हुँदा पालिकाले कार्यविधि अनुसार लगत कट्टा गरी अभिलेख अद्यावधिक गर्नु पर्दछ ।

७५ **पारदर्शिता**

सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ को दफा ३२ मा स्थानीय तहको कार्यालयले लाभग्राहीको नाम दर्ता तथा नवीकरण प्रक्रिया, भत्ताको दर, प्राप्त हुने बैंक, लाभग्राहीले पुरा गर्नुपर्ने प्रक्रिया जस्ता भत्ता सम्बन्धी जानकारी स्थानीय सामाजिक संघसंस्था, गैरसरकारी संस्था, सामाजिक परिचालनमा संलग्न संस्था समेतको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्ने र भत्ता प्राप्त गर्ने लाभग्राहीको नाम नामावली सम्बन्धीत स्थानीय तहको वेभसाइटमा राख्ने व्यवस्था गरी कार्यविधिमा उल्लेखित व्यवस्था परिपालन गरी सामाजिक सुरक्षा कार्यक्रमको पारदर्शिता प्रवर्द्धन गर्नुपर्दछ ।

७६ **नवीकरण**

सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यबिधि, २०७७ को दफा ४ मा पालिकाले प्रत्येक आर्थिक वर्षमा सामाजिक सुरक्षा भत्ता प्राप्त गरीरहेका लाभग्राहीको नविकरण नियमावलीको नियम ९ बमोजिम प्रत्येक आर्थिक वर्षको कार्तिक मसान्तभित्र अनिवार्य रुपमा प्रणालीमा अद्यावधिक गर्नुपर्ने व्यवस्था भएकोमा पालिकाले केही लाभग्राहीको नविकरण गरेको पाइएन । नविकरण नभएको लाभग्राहीको नविकरण गर्ने तर्फ पालिकाले ध्यान दिनु पर्दछ ।

७७ **अनुगमन तथा निरीक्षण**

सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ को दफा २७ (३) अनुसार गाउँ कार्यपालिका अध्यक्ष वा नगर कार्यपालिकाका प्रमुखले वा स्थानीय तहका प्रमुख प्रशासकिय अधिकृतले भत्ता वितरण कार्य प्रक्रियाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने व्यवस्था भएकोमा पालिकाबाट उक्त कार्य भएको नदेखिएकाले कार्यविधिको व्यवस्था कार्यान्वयनमा पालिकाले ध्यान दिनुपर्दछ ।

७८ **निष्कृय खाता**

सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७७ को अनुसूचि १० मा स्थानीय तह र बैंक बीच हुने सम्झौतापत्रमा सामाजिक सुरक्षा विशेष खाता संचालन गर्ने बैंक तथा वित्तीय संस्थाले यस प्रकारका खाताहरु मध्ये निष्कृय (Dormant) खाताको विवरण प्रत्येक श्रावण र माघ महिना भित्र पालिकालाई दिनुपर्ने उल्लेख छ तर बैंकले निष्कृय खाताको विवरण तोकिएको अवधिमा सम्बन्धित पालिकालाई उपलब्ध गराएको देखिएन। पालिकाले समयमा नै यस्ता निष्कृय खाता र सो खाताहरुमा रहेका रकमहरुको विवरण बैकहरुसँग माग गरी हिसाब मिलान गर्नुपर्ने देखिन्छ।

## अनुसूचीहरू

**अनुसूची - १**
**आर्थिक कारोबारको स्थिति**

आर्थिक बर्ष: २०७९/८०

कार्यालय र स्थान : सानीभेरी गाउँपालिका, रुकुम , सानी भेरी गाउँपालिका , रुकुम पश्चिम भाग

| **पद** | **नाम** | **कार्यकाल सुरु मिति** | **कार्यकाल समाप्त मिति** |
|---|---|---|---|
| कार्यालय प्रमुख | दिपक बुढाथोकी | २०७८-१२-१३ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | दिनेश ओली | २०७९-११-८ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | कविन्द्र पुन | २०७४-६-१ | २०७९-९-३० |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| २,७३०,५२४.४१ | ७,४७९,५९५ | ४,६७८,८६६ | ० | ० | ३५५,००० |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | | | | | १५,२४३,९८५.४१ |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | | | | | ० |
| **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | | | | | ० |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | | | | | १५,२४३,९८५.४१ |

स्थानीय तह : सानीभेरी गाउँपालिका, रुकुम , सानी भेरी गाउँपालिका , रुकुम पश्चिम भाग

| **गत बर्षको जिम्मेवारी** | | २८४७१४२५.३२ | |
|---|---|---|---|
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ३९३९८५५०० | **चालु खर्च** | ४६१६१६७११.५२ |
| **प्रदेश सरकारबाट अनुदान** | ५५७५०६४८ | **पूँजीगत खर्च** | २६५३१४०९१.१४ |
| **राजश्व बाँडफाँट** | ७६२१८३५७.३३ | **वित्तीय/अन्य व्यवस्था** | ०.० |
| **आन्तरिक आय** | ८४४३७८१.५ | | |
| **अन्य आय** | २०३४३९७२३.८२ | | |

| | | | |
|---|---|---|---|
| **कुल आय** | ७३७८३८०१०.६५ | **कुल खर्च** | ७२६९३०८०२.६६ |
| **बाँकी मौज्दात** | | ३९३७८६३३.३१ | |

**बेरूजु दफा ११ सँग सम्बन्धित विवरण - अनुसूची -३**

| शुन्य प्रगति | | | | रु.हजारमा | | |
|---|---|---|---|---|---|---|
| सि.नं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | खर्च शीर्षक | स्रोत | विनियोजन | खर्च | खर्च (%) |
| १ | वडा नं. ८ कार्यालय क्रमागत भवन निर्माण। | ३१११२ | आन्तरिक श्रोत | २,५० | ० | ० |
| २ | वडा नं. ८ कार्यालय क्रमागत भवन निर्माण। | ३१११२ | नेपाल सरकार - समानिकरण अनुदान | ४,०० | ० | ० |
| ३ | वडा नं. ११ वडा कार्यालय भवन निर्माण क्रमागत। | ३१११२ | नेपाल सरकार - समानिकरण अनुदान | १२,०० | ० | ० |
| ४ | देउताखोला लामिदुवाली सडक खण्ड मर्मत | ३११५१ | आन्तरिक श्रोत | १,५० | ० | ० |
| ५ | प्रदेश सडक बोर्ड म्याचिङ्ग | ३११५१ | आन्तरिक श्रोत | ४,२५ | ० | ० |
| ६ | सानीभेरी नदी हाँसिबाँङ लिफ्ट खानेपानी सिचाई साझेदारी | ३११५५ | आन्तरिक श्रोत | २५,०० | १०,०० | ४० |
| ७ | पोखरी लिफ्ट खानेपानी योजना निर्माण ठेकेदार यात्रु निर्माण सेवा प्रा.लिलाई दायित्व भुक्तानी। | ३११५६ | आन्तरिक श्रोत | १४,३७ | ४,९० | ३४.१५ |
| ८ | ७नं.वडा घारी सलचौर पाइप खरिद दायित्व भुक्तानी। | ३११५६ | आन्तरिक श्रोत | १,३० | ४८ | ३७.६२ |
| ९ | गाउँपालिका भित्रका मुख्य बजारका लागि डम्पिङ साईट निर्माण तथा सरसफाई कार्यक्रम। | ३११५८ | नेपाल सरकार - समानिकरण अनुदान | ५,०० | २,२९ | ४५.८२ |
| १० | वडा नं.२ आधुनिक घट्ट निर्माण/मर्मत | ३११५९ | आन्तरिक श्रोत | ७० | ० | ० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ११ | वडा नं.२ आधुनिक घट्ट निर्माण/मर्मत | ३११५९ | नेपाल सरकार - समानिकरण अनुदान | ३० | ० | ० |
| १२ | चन्द्रोदय आ.वि ग्याविन वाल तथा तट्वन्धन निर्माण दायित्व भुक्तानी। | ३११५९ | आन्तरिक श्रोत | २,०० | ० | ० |
| १३ | शितल मा.वी.पक्रैया शौचालय निर्माण | ३११५९ | नेपाल सरकार - समानिकरण अनुदान | ६,०० | ० | ० |
| १४ | जनचाहना आ.वि. घेरावार तथा सामग्री खरिद दायित्व भुक्तानी। | ३११५९ | आन्तरिक श्रोत | ५० | ० | ० |
| १५ | संघ र प्रदेश साझेदारी समपुरक | ३११५९ | आन्तरिक श्रोत | ३४,०० | ० | ० |
| १६ | आधारभुत स्वास्थ्य चौकी मेसिनरी वाल निर्माण दायित्व भुक्तानी। | ३११५९ | आन्तरिक श्रोत | १,५० | ० | ० |
| १७ | बासठाना रावत टोल सडक निर्माण | ३११५१ | नेपाल सरकार - समानिकरण अनुदान | २,०० | ० | ० |
| १८ | २ नं. वडा कार्यालय फर्निचर तथा फिक्चर्स- सोफासेट खरिद | ३११२३ | नेपाल सरकार - समानिकरण अनुदान | १,०० | ० | ० |
| १९ | वडा नं. ३ बाखाखोर सुधार कार्यक्रम | ३११३१ | नेपाल सरकार - समानिकरण अनुदान | २,०० | २४ | १२ |
| २० | बाजे पोखरि निर्माण | ३११५५ | कर्णाली प्रदेश - समानिकरण अनुदान | १,५० | ० | ० |
| २१ | ठूलासिम गारछाला खानेपानी निर्माण | ३११५६ | कर्णाली प्रदेश - समानिकरण अनुदान | १,५० | ० | ० |
| २२ | घापागार खोप केन्द्र फर्निचर खरिद | ३११२३ | कर्णाली प्रदेश - समानिकरण अनुदान | ५० | ० | ० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २३ | भैसीखर्क त्रिबेनी बाघखोर सानालेख,रावतगाउँ खानेपानी मर्मत योजना | ३११५६ | आन्तरिक श्रोत | १,५० | ० | ० |
| २४ | वडा नं ८ का सबै कृषि सडक सरसफाई तथा मर्मत | ३११५१ | आन्तरिक श्रोत | २,०० | ० | ० |
| २५ | ११ नं. वडा कार्यालय को घडेरी तथा भवन निर्माण योजना | ३११५९ | आन्तरिक श्रोत | १०,०० | ० | ० |
| २६ | मेशिनरी आजार तथा फर्निचर मर्मत सम्भार (सेवा केन्द्र सञ्चालानार्थ) | ३११२२ | नेपाल सरकार - शसर्त अनुदान चालु [ आई डि ए - सोधभर्ना हुने ऋण (बैदेशिक)] | ८४ | ० | ० |
| २७ | जनज्योती मा.वी. मेलचौर, खेलमैदान, घेरावार, सानीभेरी गा.पा. -५, रुकुम पश्चिम | ३१११२ | कर्णाली प्रदेश - शसर्त अनुदान पुँजीगत | १५,०० | ० | ० |

**बेरूजु दफा ५८ सँग सम्बन्धित विवरण - अनुसूची -४**

| सि.न | आयोजनाको नाम | नर्मश अनुसार दर | दिएको दर | बढी दर | परिमाण Sq.mtr | रकम |
|---|---|---|---|---|---|---|
| १ | सानीभेरी कवर्ड हल निर्माण उपभोक्ता समिति | ४५८।३२ | ११७१.६१ | ७१३.२९ | ८७.६६ | ६२५२७ |
| २ | सहिद स्मृती भबन निर्माण उपभोक्ता समिति | ४५८।३२ | १०२२.८८ | ५६४.५६ | ३२९।०० | १८५७४०.२४ |
| ३ | १० नं वडा कार्यालय भबन निर्माण उ.स | ४५८।३२ | ९११.०६ | ४५२.७४ | १६१.७७ | ७३२३९ |
| ४ | बेलटापु निर्माण रंगशा निर्माण | ४५८।३२ | ९११.०७ | ४५२.७५ | ३१६.८० | १४३४३१.२१ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५ | ८ नं वडा कार्यालय भबन निर्माण उ.स | ४५८।३२ | १४७०.२३ | १०११.९१ | १९७.५४ | १९९८९२.७० |
| ६ | ५ नं वडा कार्यालय भबन निर्माण उ.स | ४५८।३२ | १४७०.२३ | १०११.९१ | २८६ | २८९४०६.२६ |
| **जम्मा** | | | | | | **९५४२३५** |

**बेरूजु दफा ६०.१ सँग सम्बन्धित विवरण - अनुसूची -५**

| **आयोजना/योजनाको नाम** | **विनियोजीत रकम** | **श्रममा** | **निर्माण सामाग्री** | **जम्मा खर्च** | **श्रमिक संख्या** | **कार्यदिन** |
|---|---|---|---|---|---|---|
| बाहुनीखेत वारिपारि पक्की सिंचाई कुलो निर्माण | १५००००० | ८२५३९२ | ६४४६०८ | १५००००० | १६ | १३०९ |
| खत्री जुगेखोली सुगुरखाली सिंचाई निर्माण | १५००००० | ७८०५२० | ५७६४५७ | १३८४६७० | १५ | ११३३ |
| मुलपानी चौखे खारापाताल सिंचाई निर्माण | १५००००० | ६१९३६० | ६१८८९६ | १२६३५२६ | १९ | ९८० |
| मुरेखोला लामाचौर सिंचाई कुलो निर्माण | १५००००० | ७२५५३६ | ७२४९७६ | १४८०११२ | १४ | ११४८ |
| दहनेटा फट्के त्रिशुलगारे पर्यटकिय पदमार्ग तथा विश्रामस्थल निर्माण | १५००००० | ५७३२२४ | ४८३८५६ | १०७८२२१ | १५ | १०९२ |
| बहुद्धेशिय सामुदायिक भवन निर्माण | १५००००० | ७३५०१६ | ७३४९८४ | १५००००० | १३ | |
| गर्भेखोला रातामाटा सिंचाई कुलो निर्माण | १५००००० | ६६७३९२ | ६६६७०९ | १३६०८७५ | १५ | १०५६ |
| छहरेपानी दलितटोल खानेपानी निर्माण | १५००००० | ५८२०७२ | ८७२४९१ | १४८३६९५ | १४ | १३३५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| डलसिङ्गे हाँसिवाङ्ग खानेपानी निर्माण | १५००००० | ७६८५१२ | ६३१४८८ | १४२८००० | १५ | १२१६ |
| दुबेरी र रिठाबगर सिंचाई पक्कीकुलो निर्माण | १५००००० | ६३२००० | ६५२८९९ | १३११९२१ | १२ | १००० |
| ज्ञ्यानकुञ्ज आ वि रान्चिउरा भवन मर्मत र घेराबार | १५००००० | ७४८९२० | ६७४०६१ | १४५२०२१ | १२ | ९६० |
| **जम्मा रु.** | १६,५००,००० | ७६५७९४४ | ७,२८१,४२५ | १५२४२२४१ | १६० | ११२२९ |

**बेरूजु दफा ६८.२ सँग सम्बन्धित विवरण - अनुसूची -६**

| क्र.सं. | विद्यालयको नाम | कार्यसम्पन्न रकम | उपभोक्ताको अंश | भुक्तानी हुनुपर्ने रकम | बजेट खर्च | बढी भुक्तानी | बेरुजु दाखिला रकम | दाखिला मिति | असुल गर्न बाँकी रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | जनप्रिय मा.वि.,हासिबाङ्ग | ५४५९६२३ | ८१८९४३.४५ | ४६४०६८० | ५०००००० | ३५९३२० | ३५९३२० | ०८०।४।१० | ० |
| २ | सानो भेरी मा.बि.,मेघा | ५५६०९६९ | ८३४१४५.३५ | ४७२६८२४ | ५०००००० | २७३१७६ | १८९०३० | ०८०।५।१० | ८४१४६ |
| ३ | शिव आ.बि.,काफलबोट | ५०९६४८८ | ७६४४७३.२ | ४३३२०१५ | ५०००००० | ६६७९८५ | ६५३९६० | ०८०।५।१२ | १४०२५ |
| ४ | सुर्योदय मा.बि.,बेलटापु | ५६२९६७७ | ८४४४५१.५५ | ४७८५२२५ | ५०००००० | २१४७७५ | १२०७७२ | ०८०।४।१० | ९४००३ |
| ५ | जनज्योति मा.बि.,मेलचौर | ५६४९८९१ | ८४७४८३.६५ | ४८०२४०७ | ५०००००० | १९७५९३ | १०९४५४ | ०८०।४।१० | ८८१३९ |
| ६ | पृथ्वी आ.वि.,देउताखोला | ३२१६७०४ | ७७२००९ | २४४४६९५ | २५००००० | ५५३०५ | ५५३०५ | ०८०।४।४ | ० |
| ७ | सरस्वती मा.बि.,चिन्नु | ५४६९२७१ | ८२०३९१ | ४६४८८८० | ४७१८८२२ | ६९९४२ | ० | ० | ६९९४२ |
| | जम्मा | ३६०८२६२३ | ५७०१८९७ | ३०३८०७२६ | ३२२१८८२२ | १८३८०९६ | १४८७८४१ | ० | ३५०२५५ |